# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क २२, पूर्णाङ्क २५५ | २०७७ पुस २९ गते बुधबार | Wednesday, 13 Jan 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## रातो खबरको निर्देशकमा श्रेष्ठ, विरहीको बिदाइ

■ रातोखबर संवाददाता/





नेकपाले पार्टीको केन्द्रीय प्रकाशन, सूचना तथा प्रचार-प्रसार विभागको निर्देशकको जिम्मा पार्टी केन्द्रीय सदस्य वसन्त श्रेष्ठलाई दिएको छ । यसअघि विभागको निर्देशक अनिल शर्मा 'विरही' थिए । विरहीलाई सरकारले लामो समयदेखि विभिन्न झूट्टा मुद्दा लगाएर जेल र हिरासतमा राख्दै घुमाइरहेको छ । नेकपाको केन्द्रीय

... बाँकी पृष्ठ ७ मा

# उचाइ लिँदै नयाँ क्रान्ति

■ अम्बिका चन्द/आशीषकुमार चौधरी

**काठमाडौँ**

नेपालमा १० वर्षसम्म जनयुद्धको नेतृत्व गरेको तत्कालीन नेकपा (माओवादी) ले आफ्नै जनसत्ता, आफ्नै जनसेनासहित देशको ८० प्रतिशत भूगोल नियन्त्रण गरेको थियो। माओवादी जनयुद्धको बेला रणनीतिक इलाकाहरूमा भीषण मोर्चाबन्दी युद्ध चलिरहेको समयमा आधारइलाकामा जनताको आफ्नै व्यवस्था नयाँ जनवादी सत्ताको अभ्यास भएको थियो । जनकम्युनहरू, गाउँ जनसरकारहरू, विद्यालयहरू र सहकारीहरू अथवा नमुना सामूहिक खेतीहरू हेर्दा केन्द्रीय सत्ता कब्जा हुने समय नजिकै भएको कल्पना गरिन्थ्यो ।

जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा अत्यन्तै ऐतिहासिक भनिएको रुकुमको चुनबाङमा सम्पन्न तत्कालीन माओवादीको केन्द्रीय समितिको बैठकले लोकतान्त्रिक गणतन्त्रको राजनीतिक कार्यनीतिक कार्यक्रम पारित गरेपछि त्यहीँबाट माओवादीको पतनको बाटो सुरु भयो र माओवादी जनयुद्ध कथित शान्तिप्रक्रियाका १० वर्षमा यसको अवशेष मेटाउने अवस्थामा पुग्यो । जनताले हतियार उठाएर लडेको गौरवशाली जनयुद्धको




अवशेष मेटाउने मात्र होइन, माओवादी जनयुद्धलाई अपराध र यसका नेतृत्वकर्ताहरूलाई अपराधी करार गर्ने कोसिससमेत भइरहेको छ। यसको पछिल्लो उदारहण सरकारी नेकपाको विवादपछि पुष्पकमल दाहालहरूलाई हेग लैजाने भनेर चलेको चर्चा पर्याप्त छ।

जनयुद्धले उचाइ दिएका त्यसका नायक, अझ यसो भनौँ माओवादका प्रणेता माओ त्सेतुङसँगै तस्बिर र

... बाँकी पृष्ठ ७ मा

## गिरफ्तार गरिएकाहरूलाई रिहा गर : नेकपा

■ भीमप्रसाद चापागाईं/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी उपत्यका ब्युरोले यही पुस २१ गते मङ्गलबार पार्टी कामको सिलसिलामा रहको बेला आफ्नो पार्टीका उपत्यका ब्युरो सदस्य एवम् काठमाडौँ जिल्ला सेक्रेटरी पवनलागयतलाई प्रहरीले गिरफ्तार गरेको भन्दै पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

नेकपाका उपत्यका ब्युरो इन्चार्ज भरतले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै केपी-बादलको सामाजिक फासिवादी गृह प्रशासनले पवनलगायत ४ जनालाई गिरफ्तार गरेकाले उनीहरूको यथाशीघ्र रिहाइका लागि माग गरेका छन्।

### अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य आजाद जेल चलान

**काठमाडौँ**

प्रहरी नियन्त्रणमा रहेका नेकपा निकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य उषाकिरण 'आजाद' लाई केन्द्रीय कारागार सुन्धारा चलान गरिएको छ । यही पुस ६ गते काठमाडौँबाट गिरफ्तार गरिएका आजादलाई प्रहरीले अभद्र व्यवहारको मुद्दा लगाएको थियो । जिल्ला अदालत काठमाडौँमा आइतबार भएको बहसमा अदालतले धरौटीमा रिहा

... बाँकी पृष्ठ ७ मा

## नेकपाद्वारा देशभर ब्युरोस्तरीय राजनीतिक–वैचारिक प्रशिक्षण

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले विकसित राजनीतिक परिस्थिति र जारी क्रान्तिका बारेमा पार्टीका ब्युरोस्तरीय नेताहरूलाई राजनीतिक-वैचारिक प्रशिक्षण सञ्चालन गरेको समाचार प्राप्त भएको छ। नारायणी, लुम्बिनी, जवस, राप्ती र गण्डक ब्युरोमा प्रशिक्षण सम्पन्न भइसकेको समाचारमा जनाइएको छ।

प्राप्त समाचारअनुसार नेकपाले नारायणी ब्युरोको अज्ञात स्थलमा नारायणी ब्युरो र जवस मोर्चाका ब्युरोस्तरीय नेताहरूलाई प्रशिक्षण दिएको छ।

राजनीतिक-वैचारिक प्रशिक्षणमा नेकपाका केन्द्रीय सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय विभागका इन्चार्ज धर्मेन्द्र बास्तोला 'कञ्चन' ले दलाल पुँजीवादी सत्ताका विरुद्ध अन्तिम विद्रोह



बोल्ने समय आएको बताए । 'क्रान्ति युद्ध होइन, परिवर्तन हो । एकीकृत जनक्रान्तिबाट प्राप्त हुने वैज्ञानिक समाजवाद मानवचेतनाको उत्कृष्ट संस्कृति हुनेछ', उनले भने।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवम् नारायणी ब्युरो इन्चार्ज शीतल,

... बाँकी पृष्ठ ७ मा

## आणविक हतियारमा महत्वपूर्ण प्रगति गर्दै जनगणतन्त्र कोरिया



■ अशोक सुवेदी/काठमाडौं

जनवादी गणतन्त्र कोरियाली वर्कर्स पार्टीका अध्यक्ष मार्सल किम जोङ उनले साम्राज्यवादी अमेरिका नै कोरीयाली जतनाको एक नम्बर दुस्मन भएको बताएका छन्। कोरियाली वर्कर्स पार्टीको आठौँ काङ्ग्रेसमा अध्यक्ष किम जोङ उनले कोरियाली क्रान्तिका लागि सबैभन्दा ठुलो दुस्मन अमेरिकी साम्राज्यवाद रहेको भन्दै अमेरिकाको नेतृत्वमा जुनसुकै शक्ति आए पनि जनगणतन्त्र कोरियाप्रतिको

... बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय सङ्कट समाधानका लागि क्रान्तिकारी शक्ति एक हुनुपर्ने निष्कर्ष

■ गोपाल गिरी/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) ले देशभक्त, जनवादी तथा वामपन्थी शक्ति, समूह तथा व्यक्तित्वहरूका बीच बलियो संयुक्त मोर्चा तथा कार्यगत एकता गरी सङ्घर्षलाई बढाउने निर्णय गरेको छ। यही पुस २४ देखि २६ गतेसम्म काठमाडौँमा सम्पन्न उक्त पार्टीको केन्द्रीय समितिको आकस्मिक बैठकले यस्तो निर्णय लिएको हो।

उक्त पार्टीका महासचिव मोहन वैद्य 'किरण' ले बैठकमा प्रस्तुत गरेको वर्तमान परिस्थिति र पार्टीको कार्यभार शीर्षक राजनीतिक प्रस्तावमा प्रतिनिधिसभा विघटनको कदमलाई आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा सङ्कटग्रस्त बन्दै गएको वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र संविधानको असफलताको द्योतक तथा परिणाम र अर्कोतिर गणतन्त्र, सङ्घीयता तथा धर्मनिरपेक्षताका विरुद्ध परिलक्षित निरङ्कुशतावादी तथा फासिवादी कदमका रूपमा विश्लेषण गरिएको छ।

संसदीय मध्यावधि निर्वाचन वा पुनर्स्थापना दुवै अवस्थामा विद्यमान सङ्कटको समाधान हुन नसक्ने भन्दै देशीय प्रतिक्रियावादी शक्तिहरूबीचका अन्तर्विरोध तथा वैदेशिक चलखेल बढ्दै गएमा वा अन्य कुनै कारणले मध्यावधि चुनाव हुन नसकेमा देश पुनरुत्थानवाद वा झनै निरङ्कुशतावादको बाटोमा जानसक्ने क्रान्तिकारी माओवादीको विश्लेषण छ।

देश सङ्कटमा परेको यो समयमा वामपन्थी, देशभक्त तथा जनवादी शक्तिहरू एकताबद्ध भई संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले विकसित

... बाँकी पृष्ठ ७ मा

## विद्यार्थीमाथि विश्वविद्यालय र प्रहरीले गरेको दमनप्रति अखिल क्रान्तिकारीको चेतावनी




■ झनक श्रेष्ठ/काठमाडौं

अखिल क्रान्तिकारीले मध्यपश्चिम विश्वविद्यालयमा आन्दोलनरत विद्यार्थीमाथि विश्वविद्यालय र प्रहरी प्रशासनको मिलोमतोमा गरिएको निर्मम दमन र धरपकडप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै घटनाप्रति सङ्गठनले चेतावनी दिएको छ । आफ्ना मागहरू विश्वविद्यालयसमक्ष राख्न पाउने विद्यार्थीको अधिकारमाथि धावा बोलिनु अत्यन्तै खेदजनक रहेको अखिल क्रान्तिकारीका भेरी-कर्णाली संयोजक हर्कबहादुर

... बाँकी पृष्ठ ७ मा

# पूर्वमाओवादीका साथीहरूलाई

**देश/परिवेश**

■ विप्लव



पूर्वमाओवादी आन्दोलनका साथीहरूले एकपटक नयाँ सोच बनाउनुपर्ने र साहस गर्ने बेला आएको छ। मुख्यतः नयाँ जनवाद-वैज्ञानिक समाजवादका लागि अनेकौँ दुःख कष्ट झेलेका, भीषण युद्धका मोर्चामा लडेका, आफ्नै हातले सयौँ सहयोद्धाहरूको शव व्यवस्थापन गरेका, वीर सहिदहरूलाई अँगालो हालेर मुक्ति र बलिदानको कसम खाएका, बेपत्ता पारिएका र सहिद भएका परिवारका साथीहरूले नयाँ सोच र साहस प्रदर्शन गर्ने समय आएको छ । हामीले आफूलाई बदल्यौँ भने दुनियाँ बदल्न सकिन्छ। आफूले नयाँ सोच्यौँ भने अरूलाई सिकाउन सकिन्छ।

हामी त्यति बेला साँचो माओवादी भएका थियौँ जब हामीले आफ्नो सुन्दर जीवनलाई जनता र देशका लागि भनेर होमिदिएका थियौँ। आफ्ना घर भत्काएर जनताका घरलाई आफ्नो घर बनाएका थियौँ । आफ्नो परिवारभन्दा माथि उठेर जनतालाई नयाँ परिवार बनाएका थियौँ। आफूले नखाएर, नलगाएर पनि जनतालाई सुख दिने अठोट बोकेर जोखिमका पहाडहरू चढेका थियौँ । सारमा माओवादीको उदय नै निजी जीवनको बलिदान र सामूहिक जीवनको आरम्भबाट भयो।

गलत नीति लिएपछि आन्दोलन कसरी भत्किन्छ, देशले कति दुःख पाउनुपर्छ, नेताहरू कसरी अपमानित हुन पुग्छन् अनि कार्यकर्ता र जनताले कस्ता पीडा खेप्नुपर्छ भन्ने उदाहरण पछिल्ला प्रयोग बनेका छन्। २०६३ सालपछि जब हामी लोकतान्त्रिक गणतन्त्रको राजनीतिक कार्यनीतिक कार्यक्रम लिएर काठमाडौँमा पुग्यौँ त्यसलाई सम्पूर्ण उद्देश्य बनाउन पुग्दा, कथित लोकतन्त्रको तन्त्रमन्त्रमा हराउँदा, हाम्रा सोचाइ र जीवनपद्धतिमा अकल्पनीय बेमेलका रूपहरू देखिन थाले । क्रान्तिका मूल्य, मान्यता र संस्कारभन्दा ठीक उल्टा सोच, व्यवहार, जीवनशैली र सम्बन्धहरू पोखिन थाले ।
जनयुद्धका महान् उपलब्धिहरू एक-एक गर्दै समाप्त पारिए। अन्ततः जुन सत्ता, व्यवस्था र प्रवृत्तिविरुद्ध जीवन-मरणको लडाइँ लडेर सहर गयौँ, उनीहरू नै पो टाउकामाथि शासन बजार्ने हाकिममा परिणत भए। हाम्रो सपना भयानक दुर्घटनामा पऱ्यो।

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# दलाल पुँजीवादमा चरम सङ्कट वैज्ञानिक समाजवाद निर्विकल्प

संसारभर असफल, बदनाम र विभेदकारी साबित भइसकेको दलाल पुँजीवादी शासनसत्ता नेपालमा पनि मृत्युको मुखमा पुगेर अन्तिम निःश्वास लिइरहेको छ । सामन्तवादको अवशेषका रूपमा रहेको राजतन्त्रात्मक संसदीय व्यवस्थाको असफलतासँगै नेपालमा २०५२ सालमा जनयुद्ध आरम्भ भएको थियो । हजारौँको बलिदानपछि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न हुँदै समाजवाद स्थापना हुने प्रक्रियामा थियो । नेपालमा महान् जनयुद्धको भीषण आँधीबेहरीसँगै सामन्तवादी अवशेषसहितको पुँजीवादी व्यवस्था पतनको सँघारमा पुगेसँगै संसारका प्रतिक्रियावादी, पुँजीवादी सत्ताहरू अत्तालिए र जनयुद्ध सञ्चालन गरिरहेको तत्कालीन नेकपा (माओवादी) का प्रमुख नेताहरूसँग चोचोमोचो मिलाएर जनयुद्ध समाप्त पार्ने षड्यन्त्र गरे । जनयुद्धको समापन, १२ बुँदे दिल्ली सम्झौता त्यसको प्रमुख कडी थियो भने संविधानसभा विघटन, जनमुक्ति सेनाको विघटन, जनताको रगतसँग साटिएका हतियारसँगै जनसत्ताहरूको समाप्ति घोषणा र कथित दोस्रो संविधानसभा त्यसको उत्कर्ष थियो । जनमुक्ति सेना, जनसत्ताहरूसँगै संविधानसभाको विघटन र दोस्रो संविधानसभा दलाल पुँजीवाद स्थापनाको पनि उत्कर्ष स्वरूप थियो । गणतन्त्र र सङ्घीयताविरोधी केपी वली र विद्या भण्डारीहरूलाई प्रधानमन्त्री, राष्ट्रपति र अरू जिम्मेवार पदमा बसाउने पुष्पकमल दाहालसहितको निर्णय उनीहरूको दलाल पुँजीवादी यात्राको पनि उत्कर्ष थियो । तर दलाल पुँजीवादी सत्ता स्थापनाको ६ वर्षमै चरम सङ्कट झेल्दै विघटनको सँघारमा पुगेको छ ।

जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना गर्ने उद्घोष गर्दै जनयुद्ध सञ्चालन गरेका पुष्पकमल दाहालले पार्टीलाई मात्र नभएर देश, सर्वहारा श्रमिक वर्ग र आफ्नै यात्रालाई समेत धोका दिँदै जनयुद्ध समाप्त गरिदिएका थिए भने केपी वलीले झापा विद्रोहको इतिहासमा भुतभुते खन्याएर दलाल पुँजीवाद आत्समात गरेका थिए । दुवै क्रान्तिका दलाल र गद्दारहरूको पलायनको पराकाष्ठा र दलाल पुँजीवाद स्थापना गर्ने सम्झौता थियो वर्तमान संविधान । त्यसैका मतियार बनेका थिए त्यसपछि निर्मित सरकारहरू । यही दलाल पुँजीवादको रक्षक बनेको जनविरोधी संविधान लागू गर्ने क्रममै स्वार्थसहित भेट र कथित एकता नाउँको गठबन्धन भएको थियो पूर्वएमाले र पूर्वमाओवादी केन्द्रको । केपी वलीले दलाल पुँजीवाद आफ्नो वर्गका लागि मात्र होइन, आफ्नै समूहहरूका लागि पनि उदारवादी र लोकतान्त्रिक छैन भन्ने प्रमाणित गर्दै पार्टीको बहुमतसहितको संसद् विघटन गरेर यो व्यवस्थाको नाङ्गो चरित्र दुनियाँसामु प्रस्तुत गरिसकेका छन् । पुष्पकमल दाहाल क्रान्तिकारी विचार, आस्था र आन्दोलन परित्याग गरी दलाल पुँजीवाद स्थापना गर्नुको परिणति खेपिरहेका छन् । त्यो समूहमा रुमल्लिरहेका यन्त्रमानवहरू किंकर्तव्यविमूढ बनेका छन् भने हिजो क्रान्तियात्रामा लामबद्ध भएर पनि आज भ्रमवश दलाल पुँजीवादमा रुमिल्लरहेका पूर्वमाओवादीहरूलाई एकीकृत जनक्रान्तिको यात्रामा लामबद्ध बन्न नेकपाका महासचिव विप्लवले आह्वान गरेका छन् । जनगणतन्त्र निर्माण गर्ने महान् यात्रा जारी छ र तीव्रतामा अघि बढिरहेको क्रान्तिकारी ध्रुवीकरणले यसलाई छिटोभन्दा छिटो सफलतापूर्वक निष्कर्षमा पुर्‍याउने देखिन्छ ।

जनयुद्धकाल र जनयुद्धलाई कथित शान्तिप्रक्रियामा पुगेर समाप्त पारिसक्दा पनि 'सत्ता कब्जा गर्ने' भन्दै १० वर्षअघि दसौँ लाख जनताको साथमा सडकमा निस्किँदाको दाहालको चमक र अस्तित्व यतिबेला करिबकरिब समाप्तजस्तै बनेको छ । दलाल पुँजीवादी यात्राका आफ्ना सहयात्री वलीले नै यतिबेला दाहाललाई उनको हैसियत देखाइदिएर केही थान माधव नेपाल, झलनाथ खनालसहित माइतीघर मण्डलाको सडकमा 'म यहाँ बसेको छु' भन्ने प्ले कार्ड बोकेर बस्नुपर्ने अवस्थामा पुर्‍याइदिएका छन् भने उनी भ्रष्ट र कमिसनखोरहरूको जमघट बनेको, कुनै दिन आफैँले खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने कसाईखाना भनेको संसद् पुनर्स्थापनाको माग गर्दै र बिलाउना गर्दै निर्वाचन आयोग धाउन बाध्य बनेका छन् । केही दिनअघिसम्म झन्डै दुई तिहाइ बहुमतको सरकार, संसद् र 'शक्तिशाली र विशाल' पार्टीको नेताका रूपमा कुर्लिरहेका वली र दाहालहरू रातारात समूह र गुटमा परिणत भएका छन् । यसरी रातारात 'हिरो' बाट 'जिरो' बनेका वली र दाहालका प्रशंसकहरू प्रतिनिधिसभा विघटनपछिका गतिविधिहरूमा एकले अर्कालाई दोष दिइरहेका छन् । वास्तवमा वली, दाहाल, नेपाल, देउवा वा अरू कुनै पनि खास व्यक्ति वा पात्रहरूका कारण नभएर यो अवस्था उत्पन्न हुनु भनेको दलाल पुँजीवादी सत्ताको अवसान हुनु हो । नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवाद स्थापना गर्ने लक्ष्यका साथ दसौँ हजार योद्धाहरूको बलिदानको जग भत्काएर स्थापना गरिएको र जाल, झेल र षड्यन्त्रपूर्वक लादिएको दलाल पुँजीवादको अवसान पनि उत्तिकै दारुण र बीभत्स रूपमा हुँदैछ । देशभक्त, जनवादी र क्रान्तिकारीहरूका लागि, अझ विशेष गरेर वैज्ञानिक समाजवाद स्थापना गर्ने र समानतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेर जनक्रान्ति सञ्चालन गरिरहेका मालेमावादीहरूका लागि दलाल पुँजीवादको अवसान एउटा सुन्दर अवसर हो । जनक्रान्तिको राप, ताप र चापका कारण निर्माण भएको यो अवसरमा क्रान्तिकारीहरू खुसी हुनुपर्छ र ध्रुवीकृत हुँदै क्रान्ति सम्पन्न गर्ने महान् यात्रातिर अग्रसर हुनुपर्छ । नेकपाका महासचिव विप्लवले दलाल पुँजीवादी सत्ताको अवसानको अवस्थालाई अत्यन्त सजीव र सूक्ष्म ढङ्गले यसरी विश्लेषण गरेका छन्- केपी वलीको कदम कुनै व्यक्ति वा दलविशेषको मात्र समस्या नभई विदेशी शक्तिकेन्द्रहरूको हस्तक्षेपमा दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाभित्र हुने तुच्छ स्वार्थसमूहहरूको सङ्घर्षको परिणाम हो । जनविरोधी दलाल पुँजीवादी सत्ता-संसदीय व्यवस्थाको असफलता र सङ्कट हो ।

नेपाली समाजमा एउटा स्थापित उक्ति छ- कालले मर्‍यो, जिब्रालाई दोष । कुनै पनि प्राणीको मृत्यु जिब्रो टोकिएका कारण होइन, जीवनतत्वको समाप्ति वा बाँच्ने क्षमता/सङ्घर्ष गर्ने शक्तिको अन्त्यका कारण हुन्छ तर रूपमा हेर्दा मृत्यु भइसकेपछि कुनै पनि प्राणीले जिब्रो टोकिरहेको देखिन्छ । जिब्रो टोक्नु भनेको मृत्यु भएपछिको परिदृश्य मात्र हो । केपी वली र पुष्पकमल दाहाल-माधव नेपाल गुटहरूका बीचको तिक्तता, संसद् विघटन र त्यसपछि देखिएका घटना-परिघटना वली र दाहालका कारण मात्र नभएर दलाल पुँजीवादको जीवनतत्व सकिएपछिको परिणति हो । वली र दाहालका हर्कतहरू त कुनै प्राणीको मृत्युपछि देखिएको जिब्रो टोकिएको अवस्थाजस्तो मात्र हो । वली र दाहालहरू आफ्नो पूर्वक्रान्तिकारी आस्था, निष्ठा, विचार, आदर्श पोलिपकाई खाइसकेका दलाल पुँजीवादका अवयवहरू मात्र हुन् । परिदृश्य र घटनाहरूले के देखाएका छन् भने दलाल पुँजीवादको अन्त्य सामन्तवादको उत्कर्ष राजतन्त्रको भन्दा पनि बीभत्स ढङ्गले हुँदैछ । जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा सामन्तवादको केन्द्रीकृत रूप राजतन्त्रभित्रको अन्तरविरोध पनि उत्कर्षमा पुगेको थियो । राजा वीरेन्द्र सामन्तवादका असली उत्तराधिकारी थिए भने ज्ञानेन्द्र र पारसहरू अहिले वली र दाहाल पुँजीवादको रक्षा गर्न खटाइएका उपजीवहरूजस्ता अवैध थिए । त्यसैले सामन्ती राजतन्त्रको समाप्तिको कारणका रूपमा दृश्य वा पर्दामा देखिएका ज्ञानेन्द्र र पारसहरू जनयुद्धका कारण मक्किइसकेको सामन्ती राजतन्त्रलाई टिकाउन षड्यन्त्रपूर्वक खडा गराइएका बुख्याँचाहरू थिए । यतिबेला वली र दाहालहरू पनि दलाल पुँजीवाद लाद्न र टिकाउन सत्तामा विराजमान गराइएका बुख्याँचाहरू हुन् । उनीहरूबीचको बेमेल दलाल पुँजीवादरूपी खतरनाक रोगको बाइप्रोडक्ट हो । यो खिचातानी वा विवाद वली, दाहाल, नेपाल, देउवा वा भट्टराईको सत्तारोहणले समाप्त हुनेछैन, उनीहरूले बोकेको सत्ताको चरित्रको अन्त्यपछि मात्र समाप्त हुनेछ । यस सन्दर्भमा महासचिव विप्लवले प्रस्ट भाषामा भनेका छन्- यो हुनुमा केपीको दोष छ तर उनको मात्र छैन, डबल नेकपाको असफलता छ तर त्यति मात्र छैन । यो केपी र प्रचण्डको झगडाको कारण पनि हो तर यत्ति मात्र होइन, यसमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको हात पनि छ । यसमा उनीहरू सबैको असफलता, सङ्कट र पश्चगमन जिम्मेवार छ । यसको निकास पुनः संसद्वादी गोलचक्करमै खोज्नु अर्को गल्ती र मूर्खता गर्नु हुन्छ । सयौँ वर्ष पुँजीवादमा चलेका देशमा समेत वैज्ञानिक समाजवादको विकल्प सोचिरहँदा हाम्रोजस्तो दलाल पुँजीवादी सत्ता भएको देशमा संसदीय विकल्पमै घुम्न-घुमाउन खोज्नु भनेको जनतालाई दशकौँसम्म अन्धकार सुरुङभित्र घचेट्नुजस्तै हो ।

दलाल पुँजीवादको रक्षाका लागि अन्तिम अस्त्रका रूपमा वली र दाहालले विदेशी शक्ति गुहारिरहेका छन् । यो अवस्थाका आउनुको कारक भन्दै दुवैले एकअर्कालाई दोष दिइरहेका छन् । विदेशी शक्तिकेन्द्रहरू र विशेषतः भारतीय र अमेरिकी साम्राज्यवाद आफ्नो निहित स्वार्थ पूरा गराउन एकअर्को गुटलाई मज्जैले खेलाइरहेका छन् भने दुवै गुटहरू अर्काको गोटी बनिरहेका छन् । दलाल पुँजीवादका यसअघिका शासकहरू पनि यसरी नै खेलाइएका थिए । जनक्रान्ति सम्पन्न भएर निर्माण हुने वैज्ञानिक समाजवादले मात्र यसरी खेल्ने र खेलाउने दलाल पुँजीवादका गोटीहरू जन्मिने अवस्था नै समाप्त पारिदिनेछ ।

# वर्तमान घरेलु परिस्थिति र उत्पीडित वर्गको कार्यभार



हेमन्तप्रकाश ओली
'सुदर्शन'

*उनीहरूले पार्टीभित्रका शीर्ष नेताहरूमै पहुँच पाए । उनीहरूले ती पार्टीभित्र घुसेका नेताहरूसँग वार्ताको नाटक गरे र १२ बुँदेमा फसाए । साम्राज्यवादको दलाल बन्ने सर्तमा राजा हटाएर जनयुद्धप्रति गद्दारी गर्ने नेताहरूलाई दलाल संसदीय व्यवस्थामा विराजमान गराउने सम्झौता गरे । राजतन्त्रात्मक संसदीय व्यवस्थाको स्थानमा दलाल संसदीय व्यवस्थाको स्थापना भयो । दलाल संसद्वादी नेपाली काङ्ग्रेसको स्थानमा दलाल संसद्वादी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) आए ।*

### १) विषय प्रवेश

सरकारी आँकडाअनुसार पनि नेपालको ऋण १० खर्ब ६४ अर्ब रहेको छ । यसमा आन्तरिक ऋण ३ खर्ब ८३ अर्ब रूपैयाँ छ भने बाह्य ५ खर्ब ३५ अर्ब । यसलाई २ करोड ९५ लाख ५ सय जनसङ्ख्याले भाग गर्दा जनही ३३ हजारभन्दा बढी ऋणभार देखिन्छ । चालु आव २०७६।७७ को बजेट १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख नेपाली रूपैयाँ छ । यसमा राजस्वबाट ९ खर्ब ८१ अर्ब ८३ करोड ८३ लाख लिइएको छ भने वैदेशिक अनुदानबाट ५७ अर्ब ९९ करोड ५५ लाख । यसरी नै वैदेशिक ऋण २ खर्ब ९८ अर्ब ३३ करोड लिइएको छ भने आन्तरिक १ खर्ब ९५ करोड । राष्ट्रको राजस्वमा जम्मा हुन आउने करिब ४० प्रतिशत विप्रेषण हो । साढे ३ खर्ब वार्षिक त मध्यपूर्वबाट नै आउँछ भने त्यत्तिकै रकम बाँकी विश्वबाट पनि । राज्यसत्ताले स्वदेशमा रोजगारीको व्यवस्था गर्न नसक्दा बुँदे सम्झौताद्वारा निभाउन सफल भए । त्यसलाई आफ्नो स्वार्थमा प्रयोग गर्न सफल भए किनभने उनीहरू जनयुद्धको शीर्ष नेतृत्वमै केही मानिसहरूलाई घुसपैठ गर्न सफल भैसकेका थिए । त्यसमा क्रान्तिकारीहरू सतर्क हुन नसक्नु नै ठूलो कमजोरी हुन पुग्यो । अतिकति ढिलै भए पनि क्रान्तिकारी विकल्प स्थापित हुन पुगेको छ । तेस्रो कुरा, नेपाल र अन्य देशहरूका बीचको व्यापारमा पनि नेपाललाई ठूलो व्यापारघाटा छ । उदाहरणका लागि विसं २०७५ को साउनदेखि २०७६ जेठ मसान्तसम्म नेपालले भारतबाट २६ अर्ब ४६ करोडको तरकारी र १७ अर्ब ३ करोडको फलफूल आयात गरेको छ भने नेपालले भारतमा तरकारी र फलफूल दुवै मिलाएर १ अर्ब २३ करोडको मात्र निर्यात गरेको छ । यो खाडललाई पुर्न राज्यले तरकारी र फलफूलमा जनतालाई आत्मनिर्भर बनाउनुपर्छ र आयातभन्दा बढी निर्यात बढाउनुपर्छ । यो राज्यसत्ता र पुगेको थियो । २००६ सालमा अलिकति नेपालको परिस्थिति विश्लेषण गरिसकेपछि नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले संश्लेषण गरेको नेपालको अर्थ-राजनीतिक अवस्था माओको संश्लेषणभन्दा फरक नहुनु स्वाभाविक हो । तर नेपाली काङ्ग्रेसको नेतृत्वमा राजतन्त्रसहितको संसद्वादी बहुदलीय व्यवस्थाका लागि भएको आन्दोलनले २०१७ सालमा धक्का खायो । २०४५।४६ सालको जनआन्दोलनबाट यसको पुनरागमन भयो । यस राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध र नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवादमा पुग्ने ध्येयका साथ २०५२ सालमा जनयुद्धको पहलकदमी गरिएको थियो । त्यतिबेला पनि देशको अवस्था अर्धऔपनिवेशिक तथा अर्धसामन्ती नै भनी दस्ताबेजीकरण गरिएको थियो । राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध जनयुद्ध सफल हुँदै गएको स्थितिमा




*दलाल पुँजीवाद र नेपाली शोषित-उत्पीडित जनताबीचको अन्तरविरोध मूलभूत रुपले आमनेसामने भएको छ । दलाल पुँजीवाद भनेको ऐँजेरु पुँजीवाद हो । जसरी ऐँजेरु कुनै रुखको हाँगामा आएर पलाउँछ र रुखैभरि फैलिएर अन्ततः त्यो रुख नै सुकाइदिन्छ । नेपालमा २००७ सालदेखि नै एउटा हाँगोमा देखिएको यो ऐँजेरु २०४७ सालदेखि बढी झाङ्गिँदै गएर अहिले त रुख सुक्न थालेको छ । उद्योग, व्यापार, कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, अन्ततः राजनीतिमा दलाल पुँजीवाद व्याप्त छ । यसले गर्दा नै राष्ट्रिय पुँजीपति र राष्ट्रिय पुँजीको विकास सुक्दै गएको छ । दलाल संसदीय व्यवस्था नै यसको मूल कारक हो ।*

विश्व-श्रमबजारमा बिक्री गरिएका ६५ लाखभन्दा बढी नेपाली युवाहरूको पसिना नै विप्रेषण हो । उनीहरूलाई 'जनशक्ति' (म्यानपावर) नामक मानव तस्करहरूद्वारा विदेशी उद्योगपति, कम्पनी र व्यवसायीहरूलाई बेचिन्छ । विदेशी उद्योग, कम्पनी र व्यवसायका मालिकका यी युवाहरूको अरिरिक्त श्रम दोहन गरेर तिनको जीविका चलाउन दिइएको ज्यालाबाट स्वदेशको सरकारले पुनः गाँस कटाउने रकम नै विप्रेषण हो । अर्को देशको कुल गार्हस्थ उत्पादन बढाउने उद्योग तथा कलकारखाना, उन्नत कृषि व्यवस्था र सेवादायी संस्थाहरूको स्थापना र विकास गर्नुपर्छ । जब नेपाल दलाल पुँजीवादीहरूको कब्जामा गयो र राजनीतिक रूपमा विसं २०४८ पछि दलाल संसदीय व्यवस्थाको स्थापना भयो । तबदेखि राणाकालदेखि पञ्चायतकालसम्म विकास भएका उद्योग तथा कलकारखानाहरू विघटन गरिए वा भारतीय एकाधिकारवादी पुँजीपतिहरूको हातमा बेचियो । दलालहरू त आखिर मालिककै निर्देशनअनुसार नै चल्ने कुरा स्वाभाविक हो । नेपालमा आफ्नो बजार स्थापना गरी एकाधिकार कायम गर्न भारतीय साम्राज्यवाद पश्चिमा साम्राज्यवादको निर्देशनमा लागिरहेकै थियो । साम्राज्यवादीहरूले संसदीय व्यवस्थाका विरुद्ध दन्केको दावानल ऐतिहासिक जनयुद्धलाईसमेत १२ सरकारले त्यसो गर्न सक्दैन किनभने यो संसदीय दलाल पुँजीवादी सरकार हो । अतः यो आलेखमा यसखाले अर्थ-राजनीतिप्रति ध्यान केन्द्रित गर्दै घरेलु अवस्था र त्यसलाई बदल्ने उपाय खोज्ने कोसिस गरिँदैछ ।

### २) वर्तमान परिस्थितिका विशेषताहरू

सर्वप्रथम त नेपालको अर्थ-राजनीतिक स्थिति कस्तो रहेको छ भन्ने प्रश्न उठ्छ । के नेपाल आज पनि अर्धऔपनिवेशिक तथा अर्धसामन्ती नै रहेको छ त ? के हामीले आजको परिस्थितिलाई विश्लेषण गरेर नयाँ संश्लेषण गर्ने समय भएको छैन ? यी यावत् प्रश्नहरूको जबाफ दिनुपर्ने बेला भएको छ । माओले बीसौँ शताब्दीको तेस्रो दशकमा दीर्घकालीन जनयुद्ध अघि बढाइरहेकै बेला चीनलाई अर्धऔपनिवेशिक र अर्धसामन्ती भनी संश्लेषण गर्नुभएको थियो । युरोपका सन्दर्भमा पुँजीपतिहरूले सामन्तवादका विरुद्ध सङ्घर्ष गरेर पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेका थिए तर माओका पालामा आइपुग्दा पुँजीपति वर्गले आफ्नो साम्राज्यद्वारा औपनिवेशिकता कायम गर्न सामन्तवादसँग साँठगाँठ गर्‍यो । सन् १८४० को अफिम युद्धपछि चीन अर्धसामन्ती तथा अर्धऔपनिवेशिक बनेको हो । नेपाल पनि सन् १८१६ को सुगौली सन्धिपछि अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा पश्चिमा साम्राज्यवादी र भारतीय साम्राज्यवादले यसका विरुद्ध षड्यन्त्र गर्न थाले । उनीहरूले पार्टीभित्रका शीर्ष नेताहरूमै पहुँच पाए । उनीहरूले ती पार्टीभित्र घुसेका नेताहरूसँग वार्ताको नाटक गरे र १२ बुँदेमा फसाए । साम्राज्यवादको दलाल बन्ने सर्तमा राजा हटाएर जनयुद्धप्रति गद्दारी गर्ने नेताहरूलाई दलाल संसदीय व्यवस्थामा विराजमान गराउने सम्झौता गरे । राजतन्त्रात्मक संसदीय व्यवस्थाको स्थानमा दलाल संसदीय व्यवस्थाको स्थापना भयो । दलाल संसद्वादी नेपाली काङ्ग्रेसको स्थानमा दलाल संसद्वादी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) आए । ती दुवैको पार्टी एकता भएर आज 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' बनेको छ ।

विसं २०६२।६३ पछि नेपालमा दलाल संसदीय व्यवस्था पूर्ण रूपले अघि बढ्यो । नेपाली काङ्ग्रेसले २००७ सालदेखि चलाएको आन्दोलन पूरा भयो । २००६ सालदेखि २०२८ हुँदै ऐतिहासिक जनयुद्धसम्म आएर क्रान्तिकारी कम्युनिस्टहरूले बगाएको रगत र पसिना पानीमा परिणत गरियो । नेपाली काङ्ग्रेसको इच्छाविपरीत एउटा काम भयो, त्यो हो राजतन्त्रको अन्त्य । त्यही राजतन्त्रको अन्त्य भएर दलाल संसदीय

... बाँकी पृष्ठ ३ मा

## पूर्व माओवादीका ...

जरौँले लोकतन्त्रलाई सुनपङ्खी घोडा बनाएर समाजवादको यात्रा गर्छुभन्दा प्रचण्ड-बाबुराम-बादलहरूको हालत हारेको जुवाडेको भन्दा पनि खराब बन्न पुगेको विरूप तस्बिर हाम्रासामु छर्लङ्ग छ । बाबुराम भट्टराई आफ्नो कक्षबाट उछिट्टिएको ग्रहजस्तो कम्युनिस्ट आन्दोलनबाट उछिट्टिएर कता हो कता पुगेका छन् । प्रचण्ड सूर्यबाट चन्द्रमामा बदलिँदै कालो दुलोतिर हुत्तिँदैछन् । बादल भ्याकुममा हल्लिने पेन्डुलमजस्तो वारि भित्ता र पारि भित्ता हल्लिँदाहल्लिँदा बेहाल भएका छन् । आफ्नो छोडेर अरूतिर सल्किँदाको कुरूप परिणाम यस्तै हुन्छ ।

सरकारी डबल नेकपाभित्रको कचिङ्गलमाथि केपी वलीले संसद् विघटनको घन बर्साएपछि एकथरी कू भयो, प्रतिगमन भयो, अपहरण भयो भन्दै हिँडेका छन् । अर्कोथरी लोकतन्त्रको रक्षा भयो, जनमत लिन पाइने भयो, अराजकता रोकियो भन्दै हिँडेका छन् । शक्तिकेन्द्रहरू पनि धमिलो पानीमा माछा छोप्न आफ्ना जालहरू फिँजाइरहेका छन् । उनीहरूले सङ्कटको निकासबारे अनेकौँ समाधानका प्रस्तावहरू गरिरहेका छन् । केपी वली आफ्नो नेतृत्वमा हुने मध्यावधि चुनाव नै उत्तम निकास बताइरहेका छन्, प्रचण्ड-माधवले संसद्को पुनर्स्थापना र आफ्नो नेतृत्वमा सरकार गठन समाधान बताइरहेका छन् । काङ्ग्रेस मुखले विघटनको विरोध, मनले चुनाव चाहिरहेको छ । जनता समाजवादीलाई केपीको कदम ठीक लागेको छैन तर प्रचण्ड-माधवहरूको सरकार बनाउने पनि रुचि छैन ।

हाम्रो दृष्टिकोण छ- केपी वलीको कदम कुनै व्यक्ति वा दलविशेषको मात्र समस्या नभई विदेशी शक्तिकेन्द्रहरूको हस्तक्षेपमा दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाभित्र हुने तुच्छ स्वार्थसमूहहरूको सङ्घर्षको परिणाम हो । जनविरोधी दलाल पुँजीवादी सत्ता-संसदीय व्यवस्थाको असफलता र सङ्कट हो । यो हुनुमा केपीको दोष छ तर उनको मात्र छैन, डबल नेकपाको असफलता छ तर त्यति मात्र छैन । यो केपी र प्रचण्डको झगडाको कारण पनि हो तर यत्ति मात्र होइन, यसमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको हात पनि छ । यसमा उनीहरू सबैको असफलता, सङ्कट र पश्चगमन जिम्मेवार छ । यसको निकास पुनः संसद्वादी गोलचक्करमै खोज्नु अर्को गल्ती र मूर्खता गर्नु हुन्छ । सयौँ वर्ष पुँजीवादमा चलेका देशमा समेत वैज्ञानिक समाजवादको विकल्प सोचिरहँदा हाम्रोजस्तो दलाल पुँजीवादी सत्ता भएको देशमा संसदीय विकल्पमै घुम्न-घुमाउन खोज्नु भनेको जनतालाई दशकौँसम्म अन्धकार सुरुङभित्र घचेट्नुजस्तै हो ।

जनताका बीचमा काम गर्दा हामीले देखेका छौँ- विगत क्रान्तिमा योगदान र सहयोग गरेका साथै परिवर्तनको चाहना राखेका नागरिकहरू जहाँ भए पनि कत्ति सन्तुष्ट छैनन् । उनीहरू केवल सरकारको हेरफेरमा चलाइने हल्लाखल्लामा कुनै आशा देख्दैनन् । संसद् र संसदीय पार्टीहरूप्रति विश्वास गर्दैनन् । उनीहरूभित्र असन्तोष र असहमतिको राप मात्र छैन, नयाँ परिवर्तन होस् भन्ने आशा र अपेक्षाको ताप पनि छ । एकपटक क्रान्तिकारीहरूले परिवर्तनको नेतृत्व गरून् र देश नयाँ जनताको व्यवस्था वैज्ञानिक समाजवादमा प्रवेश गरोस् भन्ने चाहन्छन् ।

यहीँनिर क्रान्तिकारीहरूले नयाँ सोचाइ बनाउने र निर्णय लिने साहस गर्ने बेला भएको छ । हरेक अग्रगामी, परिवर्तनकारी शक्ति र व्यक्तिको मूल दायित्व समस्यालाई सही ढंगले बुझिसकेपछि त्यसलाई अग्रगामी निकास दिनु हुन्छ । आज जनताले भोगिरहेको सङ्कटको निकास संसदीय व्यवस्था र सरकारभित्रैको गोलचक्कर किमार्थ होइन, वैज्ञानिक समाजवाद नै हो भन्ने स्पष्ट भइसकेपछि विगतमा हामीबाट जताजता त्रुटि, गल्ती, कमजोरी भए पनि तिनलाई सच्याउनुपर्छ । जहाँबाट बाटो बिराइएको थियो, त्यही बिन्दुमा नयाँ सोचका साथ फर्किन आँट गर्नुपर्छ । देशलाई नेतृत्व दिनका लागि आत्मसमीक्षासहित नयाँ ध्रुवीकरणमा सहभागी बन्नुपर्छ । कमजोरी सच्याएर जनताका पक्षमा उभिँदा कमजोर भइँदैन, तल परिँदैन, बरु बलियो र सफल भइन्छ । यसो गर्न हिच्किचायौँ भने निर्णय लिन ढिला हुनेछ । ढिला पटक्कै नगरौँ ।

नेपाली राजनीतिक सङ्घर्षको यात्रामा हामीले प्रत्यक्ष भोगेका विजय र पराजयका तीता-मीठा अनुभवले अचुक ज्ञान दिएको छ- सत्यमा जीवन, झूटमा मृत्यु, त्यागमा सम्मान स्वार्थमा अपमान, गतिमा उत्थान, जडतामा पतन । यो कुनै एकको बुझाइ होइन, पूर्वमाओवादी आन्दोलनका सबै साथीहरूको गहिरो अनुभूति हो । यस अनुभूतिलाई रूपान्तरण, एकता र क्रान्तिमा बदल्नका लागि सबैले संसदीय चक्करबाट आफूलाई बाहिर झिक्न र आमूल परिवर्तनकारी सङ्घर्षमा सहभागी बनाउन साहस गर्ने बेला भएको छ । हामीले त्यस्तो साहस गरेमा नेपालमा क्रान्तिकारी ध्रुवीकरण र अग्रगामी रूपान्तरणको सम्भावना प्रबल बनेको छ । यो क्रान्तिकारी आन्दोलनको नयाँ चरण हुनेछ जसले दलाल पुँजीवादको चक्करले पैदा गरेको कालो बादललाई सदाका लागि हटाएर जनतालाई वैज्ञानिक समाजवादको न्यानो र उज्यालो बिहानीमा प्रवेश गराउनेछ ।

२० पुस, २०७७

## वर्तमान घरेलु ...

व्यवस्था स्थापना हुनुलाई क्रान्तिकारी साम्यवादीहरूले मात्रात्मक परिवर्तन मानेर चित्त बुझाउनुपर्ने स्थिति आयो । अब भने राज्यसत्ताको रथमा आफ्ना दलालहरूलाई राखेर पश्चिमा साम्राज्यवादीहरूको समेत बलियो साथ लिएर लगाम भारतीय साम्राज्यवादले समात्यो । यसपछि नेपाल नवऔपनिवेशिक बन्न गयो । त्यसकारण नवऔपनिवेशिक अर्थ-राजनीतिक अवस्था वर्तमान नेपालको एउटा महत्वपूर्ण विशेषता हो । अब नेपाल अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा रहेन । बिनासैनिक आक्रमण साम्राज्यवादी देशले राजनीतिक, आर्थिक र सांस्कृतिक रूपले कुनै देशको शासन आफ्नो हातमा लिएर आफ्नो दलालमार्फत सत्ता चलाउनु नवऔपनिवेशिक अवस्था हो । नेपालमाथि नवऔपनिवेशिकतामा अझै के कुरा थप भएको छ भने पश्चिमा साम्राज्यवाद खासगरी अमेरिकी साम्राज्यवाद पहिलेपहिले भारतमार्फत आउँथ्यो, अब त भारतलाई पनि खुसी पार्दै सीधै नेपालमा आउन थालेको छ । नेपालमा 'हिन्द-प्रशान्त रणनीति' को विकास परियोजना 'सहश्राब्दी चुनौती निगम' (एमसीसी) एउटा सशक्त उदाहरण हो । जनता, बौद्धिक वर्ग र क्रान्तिकारी साम्यवादी पार्टीहरूको विरोध हुँदाहुँदै पनि सत्ताधारी र प्रतिपक्षी दुवै पार्टी सङ्घीय व्यवस्थापिका संसद्बाट यो कथित विकास परियोजना पारित गर्ने तयारी गर्दैछन् ।

द्वितीयतः दलाल पुँजीवाद र नेपाली शोषित-उत्पीडित जनताबीचको अन्तरविरोध मूलभूत रूपले आमनेसामने भएको छ । दलाल पुँजीवाद भनेको ऐँजेरु पुँजीवाद हो । जसरी ऐँजेरु कुनै रूखको हाँगामा आएर पलाउँछ र रूखैभरि फैलिएर अन्ततः त्यो रूख नै सुकाइदिन्छ । नेपालमा २००७ सालदेखि नै एउटा हाँगोमा देखिएको यो ऐँजेरु २०४७ सालदेखि बढी झाङ्गिँदै गएर अहिले त रूख सुक्न थालेको छ । उद्योग, व्यापार, कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, आवास, अन्ततः राजनीतिमा दलाल पुँजीवाद व्याप्त छ । यसले गर्दा नै राष्ट्रिय पुँजीपति र राष्ट्रिय पुँजीको विकास सुक्दै गएको छ । दलाल संसदीय व्यवस्था नै यसको मूल कारक हो ।

विसं १९९३ मा सुरुभएको विराटनगर जुटमिल, तत्कालीन सोभियत सङ्घले खोलिदिएको कृषि औजार कारखाना वीरगन्ज, सोभियत सङ्घकै सहयोगमा खोलिएको जनकपुर चुरोट कारखाना, चीनको सहयोगमा स्थापित हेटौँडा कपडा उद्योग, सोभियत सहयोगमा बनेको वीरगन्ज चिनी कारखाना, चीनकै सहयोगमा बाँसबारी छालाजुत्ता कारखाना, हरिसिद्धि ईँट कारखाना, बुटवलको धागो कारखाना, चोभारको हिमाल सिमेन्ट कारखाना, पाटन र बालाजुका कारखाना, भृकुटी कागज कारखाना, हेटौँडादेखि काठमाडौँ सिमेन्ट ओसार्ने रज्जुमार्ग, त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायक चल्ने ट्रली बस, रोजिन टर्पेन्टाइन कारखाना, गोदावरी मार्बल उद्योग, जडीबुटी प्रशोधन केन्द्र, नेसनल ट्रेडिङ लिमिटेड, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सर्भिस सेन्टर, गोदावरी आइरन इत्यादि नेपाली राष्ट्रिय अर्थतन्त्रको आधारहरूलाई २०४७ सालदेखि अहिलेसम्मका दलाल संसदीय सरकारहरूले भारतलाई बेचेर खाएका छन् र कतिपयलाई विघटन गरेका छन् । जब नेपालमा नवउदारवादलाई आर्थिक नीति बनाएर काम भयो तब यी उद्योग तथा व्यवसायहरू चौपट भएर गएका छन् । यसरी राष्ट्रिय पुँजीको आधार खतम पार्ने पहिलो नेपाली काङ्ग्रेस हो र दोस्रो नेकपा एमाले हुँदै 'नेकपा (नेकपा)' मा परिणत भएको दलाल पुँजीवादी पार्टी । दलाल पुँजीवादीहरू यसो किन गर्दैछन् त ? किनभने साम्राज्यवादीहरूले यस्तो देशमा आफ्नो बजार कायम गरेर बजारमा एकाधिकार कायम गर्न यसो गर्दछन् । भारतीय साम्राज्यवादको आदेशमा यहाँका दलालहरूले यी उद्योगहरू ध्वस्त पारेर त्यसबापत आउने खर्चबाट आफू विलासी जीवनमा छन् भने जनताको बिचल्ली बनाएका छन् । यही कारणले गर्दा नै करिब १ करोड नेपाली युवाहरूले विदेशमा सास्तीको जिन्दगी जिउन र प्राणलाई हत्केलामा राख्न बाध्य छन् । त्यसैबाट आउने विप्रेषणले दलाल शासकहरू र तिनका आसेपासेहरूले भोजभतेर गरिरहेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका नाममा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारमा रहेका जुकाहरूले करका रूपमा जनताको रगत-पसिना चुसिरहेका छन् ।

देशको अर्थतन्त्रका मालिकहरू पनि अतिकेन्द्रित र अति एकाधिकारी भएकाले दसजना दलाल पुँजीपतिहरूले मध्यमवर्गलाई समेत बेस्सरी चुसिरहेका छन् । नेपालमा १ प्रतिशत दलाल पुँजीपतिहरूको नेतृत्व गर्नेहरू क्रमशः दसजनालाई लिँदा निम्नप्रकारका छन् :

विनोद चौधरी (१.६ बिलियन डलर), शेष घले (४१० मिलियन डलर), उपेन्द्र महतो (३६० मिलियन डलर), अजेय सुमार्गी (२०० मिलियन डलर), आदित्य झा (१०० मिलियन डलर), जीवा लामिछाने (९२ मिलियन डलर), पशुपतिशमशेर राणा (८४ मिलियन डलर), बलराम चेनराई (७० मिलियन डलर), राजेन्द्र खेतान (६२ मिलियन डलर), ज्ञानेन्द्र शाह (५० मिलियन डलर) आदि ।

यी नेपालका शीर्ष दसजना मात्र हुन् । यी दसजनाले नै अर्थतन्त्रमा मात्र होइन, बरु राज्यतन्त्रमा पनि निर्णायक भूमिका निर्वाह गर्छन् । उनीहरूलगायत दलाल पुँजीपतिहरूद्वारा मजदुर, किसान, सिपाही र सुकुमबासी मात्र होइन, बरु मध्यमवर्ग पनि नराम्रोसँग चुसिँदै गएको छ किनभने बढी रस उनीहरूबाटै आउँछ । अब मध्यमवर्गको ७५ प्रतिशत सङ्ख्यामाथितिर बढ्दैन, किसान, मजदुर र सिपाहीको पङ्क्तिमा पुग्न बाध्य छ । अति केन्द्रीकरण र अति एकाधिकारको परिणाम यही नै हुन्छ । न्यून वैतनिक कर्मचारी, खुद्रा व्यापारी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी नै नेपालका मध्यमवर्ग हुन् ।

दलाल पुँजीवाद कति बलियो भएको छ भने यसले संसद्वादी नेताहरूलाई समेत किनेर दलाल पुँजीवादको हिस्सेदार बनाउँछ । यही कारणले गर्दा राज्यसत्ताले अर्थतन्त्र सञ्चालन गर्दैन, बरु अर्थतन्त्रले राज्यसत्ता सञ्चालन गर्दछ । यसकारण साम्यवादी दल रङ बदलेर दलाल पुँजीवादी बनेको हो । यही कारणले गर्दा शैक्षिक संस्था, स्वास्थ्य क्षेत्र, कृषि क्षेत्र, आवास क्षेत्र, वाणिज्य क्षेत्र, न्यायालय, प्रशासन, सुरक्षाबल सबैतिर दलालीकरण भएको छ । दीनहीनहरूले कहीँ पनि सास फेर्ने र न्याय पाउने स्थान रहेको छैन । सास फेर्नका लागि विद्रोहको विकल्पबाहेक अरू बाँकी रहँदैन । दलाल पुँजीवादले नै नोकरशाही पुँजीपति र सामन्ती अवशेषलाई पनि दलालै बनाएको छ । अतः दलाल पुँजीवाद र नेपाली शोषित-उत्पीडित जनताबीचको अन्तरविरोध नै आजको नेपालमा प्रधान अन्तरविरोधका रूपमा रहेको छ ।

तृतीय : जहाँ दलाल पुँजीवादी राज्यसत्ता हुन्छ त्यहाँ राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल बन्न जान्छन् । आर्थिक अपचलन र भ्रष्टाचार व्याप्त हुन्छ । बौद्धिक जनशक्ति विदेश पलायन हुन्छ । नेपालमा यी समस्याहरू जगजाहेर छन् । राष्ट्रियताको कुरा गर्दा भारतले विशेष अधिकार प्राप्त जम्मुकस्मिरबाट विशेषाधिकार खोसेपछि आफ्नो नयाँ नक्सा जारी गर्‍यो । त्यसै मौकामा नेपालको सुदूरपश्चिमोत्तर जिल्ला दार्चुलाबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो नक्सामा समावेश गरेको छ । नवलपरासी जिल्लाको सुस्तामा वास्तविक सिमानाबाट १७ किमि माथिसम्म मिचिएको छ । त्यहाँको ४० हजार ९८० हेक्टरमध्ये १४ हजार हेक्टर जमिन भारतले कब्जा गरेको छ । नेपाल र भारतको सिमाना नेपालको १० हजार वर्गकिमि भारतले हडपेको छ । यस विषयमा नेपाल सरकार जनतालाई देखाउन भारतले कालापानीबाट तुरुन्त आफ्नो सेना फिर्ता गर भनेर नारा दिन्छ । प्रधानमन्त्री र मन्त्रीहरू भाषण गर्दछन् । कूटनीतिक वार्ताका लागि चिठी पठाइन्छन् तर श्री नरेन्द्र मोदी टेरपुच्छरै लगाउँदैनन् । सन् १९६२ को चीन र भारतबीच भएको लडाइँमा भारतको सेना भागेर आई कालापानीमा बसेको थियो । त्यो रणनीतिक महत्वको स्थान भएकाले उसले छोडेको छैन । यो अनुमान गर्ने ठाउँ पनि देखिन्छ- त्यहाँ कहीँ न कहीँ नेपाली शासकहरू चुकेका छन् ।

हिन्द-प्रशान्त रणनीतिअन्तर्गत 'सहश्राब्दी चुनौती निगम' (सचुनि) मा पनि वर्तमान सरकार नराम्रोसँग चुकेको छ । उनीहरू यो हिन्द-प्रशान्त रणनीतिअन्तर्गतको परियोजना होइन भन्ने तथ्यहीन तर्क दिएर सदनबाट पारित गर्ने योजनामा छन् । पछिल्लो सरकार अमेरिकी साम्राज्यवादको दलाल हुन कोसिस गरिरहेको कुरा राम्रोसँग बुझ्न सकिन्छ । ५५ अर्ब रुपैयाँमा उनीहरू नेपाललाई बन्धकी राख्दैछन् । त्यति मात्र होइन, सन् १९५९ मा तिब्बती जनताले सत्ताच्यूत गरेका दलाई लामाको वंशलाई पुनर्स्थापित गर्ने अमेरिकी नियतलाई पूरा गर्न यो सरकार उद्यत देखिन्छ । सि चिनफिङलाई भेट्दा 'एक चीन नीति' को दुहाइ दिने र ट्रम्पलाई भेट्दा तिब्बत अलग्गै देश हो भन्नेजस्ता गतिविधिहरू देखिँदैछन् । यही कुरा सही हो भने नेपाल भोलि इराकजस्तै अमेरिकाको सैनिक अखडा बन्नेछ र चीनले त्यो अखडामा इरानले जस्तै रकेट आक्रमण गर्नेछ अनि मात्र अमेरिकी टट्टुहरूलाई थाहा हुनेछ- सचुनि हिन्द-प्रशान्त रणनीतिअन्तर्गत पर्छ कि पर्दैन !

राज्यसत्ता दलाल पुँजीवादी भइसकेपछि जनतन्त्र र जनजीविकाका समस्याहरूले जनता उत्पीडनमा पर्नु स्वाभाविक छ । यो देशमा केही उत्पादन नहुने भएपछि दलाल व्यापारीहरूले अन्तर्राष्ट्रिय कारोबार गर्दछन् । कारोबार डलर र पाउन्डमा हुन थाल्छ । तेल, खाद्यान्नजस्ता दैनिक उपभोग्य सामानहरू महँगो हुन्छ । कृषिसम्बन्धी हरेक बीउमा प्राधिकार प्रणाली लागू हुन्छ । त्यसअनुसार कुन देशबाट बीउ ल्याउने, कुन देशबाट मल र कुन देशबाट विषादी यो सबैमा सङ्घातिकपत्य (सिन्डिकेट) लागू हुन्छ । यसमा टिक्न नोकरशाह र राजनीतिक नेता तथा कार्यकर्ताहरू नीतिगत भ्रष्टाचार गर्न थाल्छन् । आफ्नो संस्कार र नैतिकतामा स्खलन आउन थाल्छ किनभने साम्राज्यवादीहरूले आफ्ना कठपुतली सरकार टिकाउन देश बदल्ने युवकयुवतीहरूलाई विभिन्न लागूपदार्थको कुलतमा फसाइदिन्छन् र नाङ्गो रतिरागमा डुबाइदिन्छन् । त्यसकारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या समाधान राष्ट्रिय क्रान्तिबिना हुन सक्दैन ।

चर्तुथतः धार्मिक अफिम व्यापक जनतामा फैलनु भनेको भ्रमको राज्यमा आयु थपिनु हो । नेपालमा हिन्दु, बौद्ध र मुस्लिम धर्म परापूर्वकालदेखि रहँदै आएका छन् । नेपाललाई हिन्दु अधिराज्य र शाहवंशीय राजालाई विष्णुका अवतार मानिएको थियो । शाहवंशीय दरबारको भ्रष्टाचार, जनदमन र स्वयम् दरबार हत्याकाण्डले 'विष्णुका अवतार' आफैँ ध्वंस भएर गएपछि जनतामा रहेको धार्मिक भ्रम केही हटेको थियो । हिजो अध्यात्मवादी आदर्शवादका विरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको दर्शन लिएर वर्गसङ्घर्षको उच्चतम् रूप जनयुद्धमा लडेका महामहिमहरू सत्तारूढ भएपछि स्वयम्ले भैँसीपूजा गर्न थाले । प्रधानमन्त्री भएपछि दक्षिणकालीलाई कालो बोको चढाएर र क्रिस्चियन 'पवित्र जाँड' चाखे । दक्षिण छिमेकी देशमा चरम हिन्दुवादी नरेन्द्र मोदी सत्तारूढ भए । फेरि धार्मिक रूढिवादले आफ्नो विषालु फणा उठाएको छ । आफ्नो उत्पत्तिकालमा प्रकृतिका गुणहरूप्रति आभार प्रकट गर्दै विभिन्न उत्सव मनाउँदै आएको मानव जाति दुई वर्गमा विभाजित भएपछि शोषक वर्गले शोषित वर्गलाई शासन गर्न विकास गरेको भ्रमपूर्ण कला नै धर्म हो । धर्मलाई राज्यबाट अलग गर्नुपर्छ भनेर सत्तारूढ भएका पुँजीपतिहरू नै आज फेरि बाइबल लिएर जनताका आँखामा धुलो झोक्दैछन् । गीता, कुरान र त्रिपिटक लिएर आफ्नो शासन लम्ब्याउँदैछन् । नेपालका शासकहरू कस्ता गुरुहरूको तातो सम्बन्धमा छन् भन्ने कुरा सुनसरीका बाबा कृष्णबहादुर गिरी, बाराको जङ्गलमा जन्मेर सिन्धुपाल्चोक हुँदै सिन्धुलीको जङ्गलमा रहेको रामबहादुर बमजनका कथाबाट हामी स्पष्ट भइसकेका छौँ । हामीले हाम्रा धर्मग्रन्थहरूमा आदर्श मानेका ऋषिमुनीहरू र देवताहरू कृष्णबहादुर गिरी र बमजनजस्तै थिए । ती ऋषिमुनी र देवता मिलेर तयार पारेका महाभारत, रामायण, वेद, गीता आदि पौराणिक कथाहरूमा आफ्नो समयको चरित्र र त्यस आधारमा आदर्शहरूको कल्पना गरिए पनि तिनका व्याख्याताहरूले भ्रमको पुलिन्दा बनाइसकेका छन् । आज राज्यसत्तामा रहेका पूर्वभौतिकवादीहरूले मार्क्स, लेनिन र माओका सैद्धान्तिक किताबहरूलाई थोत्रा र महाभारत, वेद, गीता, बाइबल, कुरान र त्रिपिटकलाई नयाँ भनेको सुन्दा उनीहरूको पतनको पराकाष्ठामा आश्चार्य व्यक्त गर्नुबाहेक अर्को विकल्प छैन । साम्राज्यवादका दलाल भएपछि साम्यवादी खास्टो ओढेका मानिसहरू कति घृणास्पद हुँदारहेछन् । अतएवः आज यो धार्मिक भ्रमको मुकुन्डो च्यात्नु र भ्रमको आवश्यकता पर्ने राज्य नै पल्टाउनु उत्पीडित वर्गको कार्यभार हुन आएको छ । यसले वास्तवमा मानिसलाई प्रकृतिनजिक पुग्न दिँदैन र प्रकृतिलाई मानवनजिक पुग्न दिँदैन ।

पञ्चमतः साम्यवादीहरू बनेर साम्यवादी दलमा रहने तर साम्यवादलाई सुदूरभविष्यको विषय बनाउने समस्या विश्व-साम्यवादी आन्दोलनमा रहेको छ । नेपाली साम्यवादी आन्दोलनको समस्या पनि यही हो । साम्यवादका सिद्धान्तहरूलाई अस्वीकार गर्ने मानिस त साम्यवादी दलको सदस्य हुन सक्दैन । कोही मानिस साम्यवादी दलको सदस्य हो भने ऊ सदस्य भएको दिनदेखि नै साम्यवादी जीवनमा प्रवेश गर्दछ । साम्यवादी दलको सदस्य हुनुपूर्व उसले साम्यवादी सिद्धान्त, आचरण र नैतिकता ग्रहण नगरीकन त साम्यवादी सदस्य हुन पाउँदैन । साम्यवादी हुनु भनेको निजी सम्पत्तिको अन्त्य गरी सामाजिक सम्पत्तिको निर्माण गर्नु हो । मेरोबाट हाम्रोमा जानु हो । सामूहिक सम्पत्तिको निर्माण गर्न श्रमबाट जीविकोपार्जनका साथै समाज र देश विकासका लागि साझा बैङ्कमा बचत जम्मा गर्नु हो । त्यो बचत समाजको निर्णयअनुसार खर्च गर्नु हो । साम्यवादी सदस्य कसैले लादेको होइन, स्वअनुशासन मान्दछ । साम्यवादी हुनु भनेको पूर्ण मानवीय स्वतन्त्रता उपभोग गर्नु हो । साम्यवादी स्वतन्त्रता प्रकृति र समाजका नियमअनुसार हुन्छ । त्यसकारण स्वतन्त्रता भनेको प्रकृति र समाजका नियमहरूको आवश्यकताबोध हो ।

कुनै पनि साम्यवादी दलमा समाविष्ट सदस्यले आफ्नै जीवन र आफ्नै परिवारबाट साम्यवाद लागू गर्न थाल्यौँ भने साम्यवाद सुदूरसमाज व्यवस्था होइन, बरु आजैदेखि हाम्रो जीवनमा लागू हुने समाज व्यवस्था हो । त्यसकारण आज उत्पीडित वर्गको अग्रदस्ता मानिने साम्यवादी दल र यसका नेताहरूले आआफ्नो समिति र परिवारलाई वैज्ञानिक समाजवाद तथा साम्यवादको एकाइ बनाऔँ । साम्यवादी सिद्धान्त र दर्शनलाई व्यवहारमा लागू गरौँ । साम्यवाद विशिष्टताबाट नमुना बन्दै सामान्यमा रूपान्तरण हुनेछ ।

आखिर पारिवारिक कलह, झगडा र युद्धको कारण भनेकै निजी सम्पत्ति हो । अमेरिका र चीनबीचको व्यापार युद्धको कारक निजी सम्पत्ति हो । पार्टीभित्र चल्ने कलह, झगडा र विवाद निजी सम्पत्ति चाहने र नचाहनेबीचको द्वन्द्व हो । समाजमा चल्ने वर्गअन्तरविरोधको कारण भनेको सामूहिक उत्पादन र निजी स्वामित्व हो । निजी स्वामित्वको अन्त्य भएर सामूहिक स्वामित्वको स्थापना हुनु भनेको वैयक्तिक स्वतन्त्रताको अन्त्य होइन, बरु वैयक्तिक स्वतन्त्रता निजी सम्पत्तिको काराबासबाट रिहा हुनु हो । सामूहिक उत्पादनमा निजी स्वामित्व भएको आजको समाजमा वैयक्तिक स्वतन्त्रता कुण्ठित भएको छ, दबिएको छ र प्रतिभाहरू फुल्न-फल्न पाएका छैनन् ।

### ३) निष्कर्ष

नेपालमा झापा विद्रोह र जनयुद्ध सामूहिक उत्पादन र निजी स्वामित्वको अन्त्य गरी सामूहिक उत्पादनको सामूहिक स्वामित्वका लागि पहलकदमी गरिएका ऐतिहासिक क्रान्ति थिए । आज राष्ट्रिय रूपमा दलाल पुँजीवाद र नेपाली जनताबीच तथा अन्तर्राष्ट्रिय रूपमा अति एकाधिकारवादी एवम् अति केन्द्रित निगम साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूका बीचको अन्तरविरोध निजी सम्पत्तिकै चरम रूप हो । त्यसकारण संसारका उत्पीडित मजदुर, किसान, सिपाही, मध्यमवर्ग आआफ्नो देशमा निजी सम्पत्ति र त्यसमाथि खडा भएको राज्यसत्ता अन्त्य गर्ने तयारीमा लाग्नुको विकल्प छैन । नेपालका मजदुर, किसान, सिपाही र मध्यमवर्ग मालेमावादी दर्शनबाट शिक्षित-दीक्षित भएर दलाल पुँजीवाद र त्यसमाथि आधारित शासनसत्ताको अन्त्य गर्ने तयारीमा जुट्नुको विकल्प छैन । क्रान्तिको निशाना आफैँलाई बनायौँ भने संसारको कुनै पनि शक्तिले हाम्रो विजयलाई रोक्न सक्तैन । यही नै हाम्रो महान् कार्यभार हो ।

# इतिहासको पुनरावृत्ति र नयाँ युगको रचनारम्भ



उदयबहादुर चलाउने 'दीपक'

सत्तापलट र सरकार परिवर्तनको प्रक्रियामा जनताद्वारा गरिने विद्रोह, परम्परागत शक्तिद्वारा बलपूर्वक गरिने 'कू' वा त्यस्तै अन्य विविध गतिविधिहरूकै बीचबाट हरेक देशको इतिहास निर्माण भएको छ । समाज विकासको प्रक्रियामा त्यसप्रकारका घटनाहरू स्वतः अनिवार्य छन् जो सामाज विज्ञानको नियमका रूपमा स्थापित र संश्लेषित छन् । यो प्रक्रियाबेगर समाज न विकसित हुन्छ, न त जिउँदो नै ।

यथास्थिति गतिको अवरुद्धता हो । वस्तुमा गतिको अवरुद्धता अकल्पित र असम्भव कार्य हो । समाज आफैँमा एउटा वस्तु हो र यहाँ पनि गतिको अवरुद्धता असम्भव छ । समयको जुन बिन्दुबाट मानव जातिको इतिहास आरम्भ भयो त्यहाँदेखि नै मानव समाज विकासको अविराम यात्रामा रहेको छ । निम्नावस्थाबाट उच्चावस्थातिर निरन्तर बढिरहेको छ तर यो अनवरत यात्राका क्रममा कहिलेकहीँ घटनाहरू दोहोरिने गर्दछन् । त्यसलाई इतिहासको दोहऱ्याइ (पुनरावृत्ति) का रूपमा बुझ्ने गरिन्छ र भनिन्छ- इतिहासको त्यसखाले दोहऱ्याइ पहिलोपटक दुःखान्त र दोस्रोपटक मजाकका रूपमा दरिन्छ ।

गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा वलीले गरेको संसद् विघटन नेपाली राजनीतिको इतिहासमा झन्डै आधा दर्जनपटकको दोहोऱ्याइ हो । यसर्थ सरासरी भाषामा भन्ने हो भने यो घटना एउटा अर्को भद्दा मजाक हो । नेपाली इतिहासमा संसद्को विघटन प्रतिगमनकै पर्यायवाचीका रूपमा स्थापित हुँदै आइरहेको वास्तविकतालाई अहिले पनि नजरअन्दाज गर्न मिल्दैन तर परम्परागत शक्तिभित्रैबाट गरिने सैनिक 'कू' वा संसद्को विघटनजस्ता घटनाले नकारात्मक रूपमै भए पनि अग्रगमनको गजबार खोल्न प्रेरित गरेका तमाम दृष्टान्तहरू भने इतिहासका पानाभरि प्रसस्त रहेका छन् । अतः यसपटकको संसद् विघटन इतिहासको दोहोऱ्याइ वा नयाँ इतिहासको रचनारम्भ होला ? यो प्रश्नको जबाफ नै आउँदो समयको व्यग्र पर्खाइ हो ।

यो प्रश्नको जवाफका लागि अलिकति विगततिर फर्किनुपर्ने हुन्छ । २०६२-०६३ को जनआन्दोलनको पृष्ठभूमिका रूपमा रहेको बाह्रबुँदे समझदारी र त्यसको राजनीतिक कार्यक्रम 'लोकतान्त्रिक गणतन्त्र' के 'दिल्लीसम्झौता' को दोहोऱ्याइ थियो ? संसदीय व्यवस्थाकै पुनर्बहाली थियो ? वा त्यो न्यूनतम् अग्रगामी राजनीतिक प्रणाली थियो ? माओवादी पङ्क्तिको कुरा गर्ने हो भने कार्यकर्ताको तहमा मात्र होइन, माओवादीका तर्फबाट आमजनतालाई समेत प्रशिक्षित गरिएको कुरा थियो- 'लोकतान्त्रिक गणतन्त्र कुनै पनि मूल्यमा दिल्ली सम्झौताको नवसंस्करण वा संसद्वादको पुनर्स्थापना छँदै थिएन । त्यो त जनवादी गणतन्त्र प्राप्तिको एक विशिष्ट चरण थियो । त्यो कुनै लामो र रणनीतिक चरण पनि थिएन ।' सायद यसकै प्रभावस्वरूप जनताले पहिलो संविधानसभाको चुनावमा माओवादीलाई विश्वासको ठूलो मत प्रदान गरेका थिए ।

नेपाली इतिहासमै पहिलोपटक सम्पन्न उक्त संविधानसभाबाट संविधान लेखनको कार्य भने भएन । किन सम्भव भएन संविधानको लेखन ? त्यसका पछाडि देशभित्र र बाहिरबाट केकस्ता खेल भए ? माओवादी पार्टी र त्यसको शीर्ष नेतृत्वको भूमिका कस्तो रह्यो ? अन्य दलहरू, विशेषतः काङ्ग्रेस र एमालेको भूमिका कस्तो रह्यो ? त्यसबारे नेपाली जनतालाई भनिराख्नुपर्ने विषय छैन । माओवादी नेता बाबुराम भट्टराई नेतृत्वको सरकारले संविधानसभा विघटन गरेर संविधानसभाको दोस्रो चुनावको घोषणा गरिदियो जब कि त्यसपछिको निर्वाचनले माओवादीलाई संविधानसभामा चौथाइ हैसियतमा झारिदिएको थियो । पहिलो संविधानसभाको विघटन अर्को अर्थमा संसद्को समेत विघटन थियो र त्यसको परिणाम प्रकारान्तरले प्रतिगामी नै साबित भयो किनकि संविधानसभाको दोस्रो निर्वाचनसम्म आइपुग्दा माओवादी आन्दोलनका रूपमा मुखरित सम्पूर्ण अग्रगामी र जनपक्षीय एजेन्डाहरू संविधानसभा र माओवादी स्यम्बाटै परित्यक्त भैसकेका थिए जसको परिणामस्वरूप कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणासँगै माओवादी आन्दोलनको शीर्ष पङ्क्तिका नेताहरूमध्ये एक बाबुराम भट्टराईले कम्युनिस्ट सिद्धान्तबाटै आफू अलग भएको घोषणा गर्न पुगे । त्यसको केही समयपछि शीर्ष नेता प्रचण्ड र उनको समूह आफैँले नवप्रतिक्रियावादी घोषित तत्कालीन पार्टी नेकपा (एमाले) सँग एकता गरेर माओवादी आन्दोलनको 'अस्तु' सेलाउन पुग्यो ।

संसद् विघटनका अरू केही पुराना घटना फर्केर हेर्ने हो भने २०५४ सालमा गिरिजाप्रसाद कोइरालाले गरेको संसद् विघटनको परिणाम अन्ततः उनकै पार्टी काङ्ग्रेस दुई चिरामा विभक्त भयो । घटना त्यत्तिमै सीमित रहेन । काङ्ग्रेसबाट अलग भै गठित प्रजातान्त्रिक काङ्ग्रेसका शीर्ष नेता तथा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ सालमा गरेको संसद् विघटनले संसदीय व्यवस्थाकै घाँटी निमोठेर राजाशाही निरङ्कुशताको जन्म दियो । २०६१ सालमा तत्कालीन राजा ज्ञानेन्द्रले गरेको संसद् विघटनले राजसंस्थालाई नै सदाका लागि इतिहासमा थान्को लगाइदियो ।



*केपी वली नेतृत्वको सरकारले गरेको यसपटकको संसद् विघटन पनि ।भद्दा मजाक मात्रै हुने विश्लेषणलाई बिल्कुलै इन्कार गर्न सकिँदैन । त्यसका पछाडि जब्बर वस्तुगत आधारहरुसमेत रहेका छन् । पहिलो, केपी वलीले राष्ट्र र जनताका पक्षमा त्यस्तो कुनै अग्रगामी एजेन्डा अगाडि बढाएकाले र त्यसमाथि पार्टीभित्र वा बाहिरबाट अवरोध भएको कारण यो संसद् विघटन गरिएको होइन । दोस्रो, केपी वली स्वयम् र उनको समूह कम्युनिस्ट आन्दोलनबाट थाकेका, स्खलित भएकाहरुको झुण्ड हो । तेस्रो, केपी वली राष्ट्रघाती हुन् । भारतसँग गरिएको महाकाली सन्धिमा उनले अक्षम्य राष्ट्रघात गरेका छन् । चौथो, केपी वली र उनको समूह राष्ट्रिय पुँजीको विकासमा होइन, दलाल पुँजीवादको हितमा रातदिन तल्लीन छ ।*

केपी वली नेतृत्वको सरकारले गरेको यसपटकको संसद् विघटन पनि 'भद्दा मजाक' मात्रै हुने विश्लेषणलाई बिल्कुलै इन्कार गर्न सकिँदैन । त्यसका पछाडि जब्बर वस्तुगत आधार हरूसमेत रहेका छन् । पहिलो, केपी वलीले राष्ट्र र जनताका पक्षमा त्यस्तो कुनै अग्रगामी एजेन्डा अगाडि बढाएकाले र त्यसमाथि पार्टीभित्र वा बाहिरबाट अवरोध भएको कारण यो संसद् विघटन गरिएको होइन । दोस्रो, केपी वली स्वयम् र उनको समूह कम्युनिस्ट आन्दोलनबाट थाकेका, स्खलित भएकाहरूको झुण्ड हो । तेस्रो, केपी वली राष्ट्रघाती हुन् । भारतसँग गरिएको महाकाली सन्धिमा उनले अक्षम्य राष्ट्रघात गरेका छन् । चौथो, केपी वली र उनको समूह राष्ट्रिय पुँजीको विकासमा होइन, दलाल पुँजीवादको हितमा रातदिन तल्लीन छ ।

अर्कोतिर संसद् विघटनको कदमविरुद्ध प्रचण्ड-माधव समूह सडकमा उत्रिएर राँको बालिरहेका छन् । उनीहरूको तर्कअनुसार संसद्को विघटन घोर प्रतिगमन हो, संविधानको गम्भीर उपहास हो । संविधान र लोकतन्त्रको रक्षाका लागि संसद्को पुनर्बहाली हुनैपर्छ । यस्सो हेर्दा र सुन्दा यो समूह नै अग्रगामी हो क्यारे भन्ने भान हुन सक्छ जब कि आजको मितिसम्म केपी तथा प्रचण्ड-माधव समूहबीच कुनै पनि तात्विक भिन्नता देखिँदैन । अझ केपी समूहको तर्क सुन्ने हो भने पार्टीभित्रैबाट प्रचण्ड-माधवको नेतृत्वमा प्रधानमन्त्रीका विरुद्ध अविश्वासको मत दर्ज गरेर 'सफ्ट कू' गर्न खोजिएको थियो । त्यो सङ्कटलाई टार्न प्रधानमन्त्रीले ताजा जनादेशको आह्वान गर्दा त्यो कसरी प्रतिगमन ?

प्रचण्ड आफैँले नेतृत्व गरेको नेपाली समाजको महान् तथा अग्रगमनकारी अभियान माओवादी आन्दोलनबाट भागेर 'नवप्रतिक्रियावादी' एमालेको शरण लिन पुगेका भगौडा कमान्डर, 'लालगद्दार' हुन् । उनका प्रमुख सारथी माधव नेपाल पूर्वएमालेका तमाम जनघाती र राष्ट्रघाती क्रियाकलापका महारथी नै हुन् । केपी वली र एमालेका प्रत्येक राष्ट्रघातमा माधव नेपालको बकाइदा सहीछाप रहेको छ । नेपाल र नेपाली जनतालाई परनिर्भरता र पराधीनताको रसातलमा डुबाइराखेको दलाल पुँजीवादका विरुद्ध प्रचण्ड-माधव समूहसँग न स्पष्ट दृष्टिकोण छ, न त कुनै ठोस नीति तथा कार्यक्रम छ ।

नेपाली समाजको आजको आवश्यकता वा भनौँ आमजनचाहना भनेको कुनै पनि नाम र रूपमा गरिने प्रतिगमनको सशक्त प्रतिवाद हो । त्यो चाहे संसद् विघटनका नाममा होओस् वा त्यसविरुद्धको सडक आन्दोलन, कथित निर्वाचनका रूपमा होओस् वा संसदको पुनर्स्थापना ? आजको ज्वलन्त प्रश्न के हो भने संसद्को पुनर्स्थापना होओस् वा निर्वाचन के नेपाली जनताले घूस, भ्रष्टाचार, कमिसन र दलालीबाट मुक्ति पाउँछन् ? अभाव, महँगी र बेरोजगारीको अन्त्य सम्भव छ ? सामाजिक अपमान र वैदेशिक हस्तक्षेप कहिलेसम्म ? यी आधारभूत विषयको सुनुवाइबेगर हुने संसद्को पुनर्स्थापना वा निर्वाचनको के अर्थ ?

'उत्कृष्ट समाज, उत्कृष्ट राज्य यी सबै केवल कल्पनालोकमा मात्र अस्तित्वमान हुन सक्छन् । यसको विपरीत इतिहासमा एक-अर्कोको अनुक्रमण गर्ने सबै सामाजिक व्यवस्थाहरू मानव समाजको निम्नावस्थाबाट उच्चावस्थातिर अन्त्यहीन विकासक्रमका केवल अल्पकालीन चरणहरू मात्र हुन् । हरेक चरणहरू आवश्यक हुन्छन् । त्यसकारण जुन काल र जुन परिस्थितिहरूका कारण त्यसको अविर्भाव हुन्छ, तिनीहरूका लागि त्यो न्यायसङ्गत हुन्छ तर नयाँ र उच्चतर परिस्थितिहरूका समक्ष जुन बिस्तार-बिस्तार त्यसको गर्भमा विकसित हुन्छन्, त्यसले आफ्नो न्यायसङ्गतता गुमाउँछ । त्यो त्यस उच्चतर चरणका लागि स्थान छोड्न बाध्य हुन्छ जुन स्वयम् पनि आफ्नो पालोमा एक दिन क्षयग्रस्त भएर विलुप्त हुन्छ ।'

- फ्रेडरिख एङ्गेल्स, लुडविग फायरबाख

संसद् विघटनको घटनालाई व्यापक र गहन विश्लेषण गर्ने हो भने यो संसदीय दलाल पुँजीवादी प्रणाली असफलताको परिणाम, पतनको सङ्केत हो । आखिर किन भैरहन्छन् त पटकपटक संसद् विघटनका घटनाहरू ? के यो कम्युनिस्ट नामधारी पार्टी सरकारमा भएकाले हो ? सरकारको नेतृत्वमा काङ्ग्रेस होओस् वा कम्युनिस्ट, राजा होओस् वा नागरिक, शासन प्रणाली सङ्घात्मक होओस् वा एकात्मक, शासकीय स्वरूप कार्यकारी राष्ट्रपति होओस् वा प्रधानमन्त्री ? यो प्रधान पक्ष होइन, प्रधान पक्ष भनेको उत्पादन प्रणाली कस्तो हुने भन्ने हो । उत्पादनका साधनहरूमाथि कस्तो स्वामित्व प्रणाली कायम गर्ने भन्ने हो । नेपाली समाजमा विद्यमान उत्पादन प्रणाली घोर प्रतिक्रियावादी चरित्रको रहेको छ । उत्पादनका साधनहरूमाथि जनताको होइन, मुठीभर व्यक्तिहरूको स्वामित्व रहेको छ । यसले गर्दा जनताको जीवन निकै कष्टकर बनिरहेको छ । मुठीभर तत्वहरूले सत्ता र शक्तिको चरम दुरुपयोग गरिरहेका छन् । यो कष्ट नेपाली जनताको मात्र होइन, संसारभरका अल्पविकसित देशका जनताको हो । विकासोन्मुख देशहरूमा समेत यो रोग दिनप्रतिदिन तीव्र सङ्क्रमित भैरहेको छ । यसको अर्थ हो- विश्वभरबाटै संसदीय दलाल पुँजीवादी प्रणालीले आफ्नो न्यायसंगतता गुमाइसकेको छ । नेपाल त्यसको पहिलो श्रेणीमा रहेको छ ।

नेपालमा गरिएका राजनीतिक क्रान्तिहरू- नेपाली काङ्ग्रेसको नेतृत्वमा थालिएको २००७ सालको क्रान्ति, २०४६ सालको संयुक्त जनआन्दोलन, माओवादी नेतृत्वमा गरिएको एक दशक लामो (वि.सं. २०५२-०६३) जनयुद्ध, २०६२/०६३ सालको दोस्रो संयुक्त जनआन्दोलन ती सबै अधुरा रहे । अर्थात् ती 'दुःखान्त' र 'प्रहसन' मात्र बने । तिनले उत्पादन प्रणालीको प्रतिक्रियावादी चरित्रलाई बदल्न सकेनन् । उत्पादन प्रणालीमा जब कुनै पनि बदलाव आएन तब सत्ताको प्रतिक्रियावादी चरित्र जसकोतस रहिरह्यो । सङ्घर्षरत पार्टीहरू क्रान्तिका नाममा सत्ता साझेदार भएर सम्झौतामा छिरे । तिनका केही दर्जन व्यक्तिहरूले निजी स्वार्थ पूरा गर्न त सफल भए तर अग्रगमनको अभियान अधुरै रह्यो । जनता र देशको अवस्था झन्पछि झन् सङ्कटतिर धकेलिँदै गयो । अतः संसद् विघटनको यो विशिष्ट परिस्थितिमा बहसलाई अग्रगमनको बाटोतिर फराकिलो बनाउनु र त्यसअनुरूप पहलकदमी लिनु परिवर्तनका पक्षधर सम्पूर्ण व्यक्ति र संस्थाहरूको अहम् कर्तव्य हो ।

संसद्को विघटन स्वयम्मा कुनै प्रतिगमन भने अवश्य होइन । केपी शर्मा वलीले आफ्ना विगतका गल्तीहरूप्रति प्रायश्चित गर्न सकेको खण्डमा र अहिलेको राजनीतिक सङ्क्रमणलाई अग्रगामी राजनीतिक विकल्पमा उठाउन सकेको खण्डमा उनको यो कदम साँच्चै एक युगान्तकारी परिघटनासमेत बन्नसक्छ तर त्यो अहिलेकै संविधानको दायराभित्रबाट भने सम्भव छैन किनकि यो संविधान प्रतिगामी सारतत्व बोकेको यथास्थितिवादी संविधान नै हो । केपी वली समूहले त्यसो नगरेको खण्डमा प्रचण्ड-माधव समुहले त्यसको नेतृत्व लिन सक्छन् । विगतका गल्तीहरूप्रति आत्मसमीक्षक भएर, संसद् पुनर्बहालीको एजेन्डाबाट माथि उठेर पहलकदमी लिएमा यो असम्भव कार्य होइन । तर संसद्को पुनर्स्थापनाबाहेक उनीहरूसँग त्यसभन्दा अगाडि जाने हालसम्म कुनै कार्यक्रम सार्वजनिक भएको छैन । नेपाली काङ्ग्रेस, जनता समाजवादी पार्टी र विघटित संसद्मा प्रतिनिधित्व गर्ने अन्य कुनै पनि पार्टीहरूको हालसम्मको नीति र नेतृत्वबाट अग्रगमनको पहलकदमी कल्पनासम्म गर्न सकिँदैन ।

संसद् विघटनको सङ्क्रमणकालीन र सङ्कटपूर्ण वर्तमान अवस्थालाई तत्काल अग्रगामी बाटोतिर हिँडाउन तीनखाले शक्तिहरूबाट सम्भव हुन सक्छ : पहिलो, जुनसुकै पार्टीमा रहेका भए पनि नेपाली समाजको आमूल रूपान्तरण हुनुपर्छ भन्ने व्यक्तिहरू । दोस्रो, संविधानको यथास्थितिवादी, प्रतिक्रियावादी सारतत्वसँग असहमत विभिन्न पार्टी र समूहहरू । तेस्रो, नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी ।

विभिन्न पार्टीहरूमा रहेका इमानदार, देशभक्त र क्रान्तिकारी व्यक्तिहरूबाट यति नै बेला अग्रगामी आन्दोलनको नेतृत्व केही कठिन छ । त्यसका लागि उनीहरूले आफ्नो पार्टीबाट विद्रोह गर्न सक्नुपर्छ । संविधानको अन्तरवस्तुसँग असहमत साना पार्टी र समूहहरूबाट यतिबेला अग्रगामी आन्दोलनका लागि न्यूनतम् विकल्प सम्भव हुनसक्छ तर त्यसका लागि उनीहरूको अस्पष्ट र आंशिकखाले नीति तथा कार्यक्रम बाधक रहेको छ । विप्लव नेतृत्वको नेकपा यो स्थितिमा अग्रगमनको सबैभन्दा पहिलो विकल्प हो । जसले पहिलो संविधानसभाको विघटन पश्चात् संविधानसभाको दोस्रो निर्वाचन र संविधान निर्माणको प्रक्रियाबाटै आफूलाई अलग गरेको छ । नैतिक र राजनीतिक दृष्टिले मात्र होइन, आफ्नो स्पष्ट क्रान्तिकारी, राष्ट्रवादी र जनपक्षीय दृष्टिकोणसहित अग्रगमनको अभियानमा अहोरात्र सशक्त क्रियाशील यो पार्टी नै हरकुनै प्रतिगमनका विरुद्धको अग्र विकल्प हो । यद्यपि, आफूभन्दा बाहिर रहेका देशभक्त, क्रान्तिकारी र जनपक्षीय व्यक्ति र शक्तिहरूसँगको सहकार्यलाई बलियो बनाउनु, जनताले बुझ्ने भाषामा पार्टीका नीति र कार्यक्रमहरू सञ्चालन गर्नु यो पार्टीसामु रहेका चुनौतीहरू हुन् । फेरि पनि आजको वास्तविकता कुन हो भने विप्लव नेतृत्वको नेकपाको मुख्य अगुवाइमा सम्पूर्ण देशभक्त, जनपक्षीय र क्रान्तिकारी व्यक्ति र शक्तिहरूको व्यापक मोर्चा निर्माण सम्भव भएको खण्डमा जुनकुनै नाम र रूपमा हुनसक्ने प्रतिगमनको प्रतिवाद मात्र होइन, सिङ्गो देशकै आर्थिक-राजनीतिक रूपान्तरण जो २००७ सालदेखि अधुरो रहँदै आएको छ, त्यसको पूर्णता सम्भव छ ।

वस्तुमा रूपान्तरणको प्रक्रिया निरन्तर भैराखे पनि गुणात्मक रूपान्तरण भने निश्चित क्षणमा मात्र सम्भव हुन्छ । समाज विज्ञानमा त्यसलाई अवसरका रूपमा परिभाषित गरिन्छ । अतः सामाजिक क्रान्तिहरू केवल मानविय इच्छाद्वारा मात्र संचालित नभएपनि मानविय सचेतन प्रयत्नले त्यसलाई ढिलो या चाँडो अवश्य बनाईदिन्छ । यो बेला नेपाली समाजका लागि सानै भएपनि एउटा अवसर अवश्य प्राप्त भएको छ । देशभक्त शक्तिहरू, जनताका पक्षधरहरू र कम्युनिस्ट क्रान्तिकारीहरूले एउटा व्यापक मोर्चा निर्माण गरी देश र जनताप्रति कर्तव्यनिष्ठ भएर त्यसलाई ईमान्दारीतापूर्वक आत्मसात गर्न सकेको खण्डमा केपि वलीले गरेको संसद् विघटनले नेपाली इतिहासमा साँच्चै एउटा नयाँ अध्यायको आरम्भ गर्न प्रेरित नै गरेको छ । त्यो सम्भव भएमा केपी वलीले गरेको संसद् विघटन इतिहासको दोहोऱ्याइ (पुनरावृत्ति) मात्र बन्नेछैन बरु, नयाँ युगको रचनारम्भ बन्नेछ ।

२९ पुस, २०७७

# क्रान्तिकारी ट्रेड युनियनको कार्यभार

*आजको मजदुर आन्दोलनको सङ्गठन अनुशासित फौजका रुपमा व्यक्त हुनुपर्दछ । यसलेमुख्यतः तीन सङ्गठनलाई जीवन्त बनाउनुपर्दछ । ती हुन्, राजनीतिक, सङ्गठनात्मक र आर्थिक । राजनीतिक अनुशासन त्यसलाई भनिन्छ, जुन सङ्गठनका विचार कार्यदिशा, विधि-विधानलाई शीर्षासनमा राख्नु । सङ्गठनात्मक अनुशासन भनेको सङ्गठनात्मक सिद्धान्तलाई लागू गर्नु, सङ्गठनले तोकेको कार्यक्षेत्रमा खट्नु, नियमित बैठक तथा अन्य वैचारिक कार्यक्रममा सहभागी हुनु, अनुशासन, गोपनीयता र जनवादी केन्द्रीयतालाई पूर्णतः पालना गरेको होस् । आर्थिक अनुशासनको तात्पर्य आफ्नो समितिमा नियमित लेवी बुझाउने, पारदर्शी अर्थ-प्रणाली प्रयोग गर्ने, उत्पादनको काममा लाग्ने, श्रमलाई सम्मान गर्ने र आफ्नो सक्रिय सहभागिता देखाउने । यी तीन अनुशासनकोअभावमा कुनै पनि आमूल परिवर्तनकामी मजदुर सङ्गठनको सदस्य हुन सक्दैन । त्यसैले सम्पूर्णतहले उपर्युक्त तीन अनुशासनलाई आत्मसात् गर्नुपर्दछ ।*



अमर झाँक्री 'सन्जिव'

यतिखेर विश्वव्यापी रूपमा र नेपालमा पनि आमूल परिवर्तनकामी मजदुर आन्दोलन रक्षात्मक अवस्थामा रहेको छ। अठारौँ शताब्दीको पूर्वाद्धदेखि विश्वव्यापी रूपमा चलेका मजदुर आन्दोलनहरू विजय र पराजयका अनगिन्ती शृङ्खला पार गर्दै आजसम्म आइपुगेको छ । इतिहासदेखि वर्तमानसम्मका समग्र अन्तर्राष्ट्रिय मजदुर वर्गीय आन्दोलनलाई तीन खण्डमा अध्ययन गर्न सकिन्छ : (१) पुँजीवादको विकाससँगै सन् १८४८ को कम्युनिस्ट घोषणापत्र प्रकाशनसम्म (२) कम्युनिस्ट घोषणापत्रको प्रकाशनदेखि चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिसम्म (३) महान् सर्वहारा सांस्कृतिक क्रान्तिदेखि हालसम्म

### (१) पुँजीवादको विकासदेखि सन् १८४८ अर्थात् कम्युनिस्ट घोषणापत्र

सामन्तवादको अन्त्य र पुँजीवादको विकाससँगै पैदा भएको मजदुरवर्गको इतिहास पुँजीपतिवर्गद्वारा आफूमाथि गरिएका उत्पीडनका विरुद्ध सङ्घर्षका हजारौँ गौरवगाथाले भरिएकोछ । पुँजीवादको विकासदेखि सन् १८४८ को कम्युनिस्ट घोषणापत्र प्रकाशनसम्मको अवधिमा मजदुर आन्दोलन मूलतः मेसिन र मालिकका विरुद्ध केन्द्रित रह्यो । उक्त अवधिमा मजदुरवर्गले तीमेसिन र मालिकहरू राज्यसत्तासँग जोडिएका छन् र त्यसबाट मुक्ति पाउन राज्यसत्ताका विरुद्धलड्नुपर्दछ भन्ने चेतना विकास गर्न सकेनन् । फलतः कैयौँ मेसिन र मालिकविरुद्ध लडेर कैयौँ दिनसम्म कारखानालाई आफ्नो नियन्त्रणमा लिए तर राज्यसत्तासम्बन्धी चेतना, त्यसको नेतृत्व गर्ने सर्वहारावर्गीय पार्टीको अभावमा ती विद्रोह निर्ममतापूर्वक दबाइए। ती मजदुर विद्रोह मुख्य रूपमा निम्नानुसार रहेका छन् : बेलाईतको मेसिनविरोधी लुडाइट आन्दोलन (सन् १८११-१५), फ्रान्सको लियोन सहरको विद्रोह (सन् १८३१-३४), बेलाईतको चार्टिस्ट आन्दोलन (सन् १८४०-४२), जर्मनीको सिलेसियाली विद्रोह (सन् १८४४), बेलाईतको दोस्रो चार्टिस्ट आन्दोलन (सन् १८४२-४८), फ्रान्सको जून महिनाको विद्रोह (सन् १८४५-४८), जर्मनी मजदुर आन्दोलन (सन् १८४५-४६), फ्रान्सकोमजदुर आन्दोलन (सन् १८४८) आदि रहेका छन् । उक्त मजदुर आन्दोलन तथा विद्रोहका दौरान तत्कालीन पुँजीवादी शासकद्वारा सञ्चालन गरिएको दमन अभियानमा हजारौँ मजदुरको मृत्यु, लाखौँ अङ्गभङ्ग तथा घाइते र जेल जीवन एवम् हजारौँले मृत्युदण्ड पाएका छन् । मजदुरवर्गमा राजनीतिक अनुभवको कमी, आफ्नो क्रान्तिकारी राजनीतिक पार्टीको अभाव, राज्यसत्तासम्बन्धी ज्ञानको अभाव एवम् स्पष्ट लक्ष्य-उद्देश्यको अभावमा ती महान् मजदुर आन्दोलन र विद्रोहहरू सहिदबनेका छन् र पछिल्ला पिढीका लागि अमूल्य शिक्षा र प्रेरणा स्रोत बनेका छन् ।

### (२) कम्युनिस्ट घोषणापत्र (सन् १८४८) देखि महान् सर्वहारा सांस्कृतिक क्रान्ति (सन् १९७६) सम्म

उक्त अवधिमा महान् गुरु कार्ल मार्क्सद्वारा पहिलो अवधिमा सञ्चालन गरिएका अन्तर्राष्ट्रिय मजदुर आन्दोलनका अनुभवहरूको संश्लेषण गर्दै उत्पीडित मजदुरवर्गले आफ्नो मुक्तिको लागि एउटा सु-स्पष्ट लक्ष्य उक्त लक्ष्य हासिल गर्नको लागि क्रान्तिकारी राजनीतिक पार्टी, जसको नेतृत्वमा मजदुरविरोधी पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी राज्यसत्ताको स्थापना गर्न सकियोस् र मानिसद्वारा मानिसमाथि हुने सबै प्रकारका अन्याय, अत्याचारको अन्त्य गरियोस् भन्ने विचार प्रतिपादन गरियो । यस अवधिमा मजदुरवर्गको राज्यसत्ता प्राप्तिका लागि सञ्चालन गरिएका विद्रोहहरू र तत्कालीन पुँजीवादी राज्यसत्ताअन्तर्गत सुधार गरिने आन्दोलनहरू दिग्विजयका शिखरमा पुगेका छन् । मजदुरवर्गको आफ्नै राज्यसत्ता प्राप्तिका महत्वपूर्ण विद्रोहहरू मुख्य रूपमा निम्न रहेका छन् : पेरिस क्रान्ति (सन् १८७१), महान् रुसी असफल विद्रोह (सन् १९०५), महान् रुसी सफल विद्रोह (सन् १९१७), कोरियन क्रान्ति (सन् १९४७), चिनियाँ मजदुर-किसानको सँयुक्त जनवादी क्रान्ति (सन् १९४९) हुँदै भियतनाम र पूर्वी-युरोपका विद्रोहहरू आदि महत्वपूर्ण रहेका छन् । उक्त अवधिमा उत्पीडित मजदुर-किसानवर्गले पुँजीवादी राज्यसत्तामाथि आफ्नो निर्णायक श्रेष्ठता कायम गर्न सफल रह्यो । संसारका एक तिहाइ भू-भागमा आफ्नै राज्यसत्ता सञ्चालन गर्न र पुँजीवादी राज्यसत्ताको तुलनामा मजदुरवर्गीय राज्यसत्ता श्रेयस्कर छ भन्ने कुरा प्रमाणित गर्न सफल रह्यो ।

यसका साथै, उक्त अवधिमा सुधारवादी मजदुर आन्दोलन पनि आफ्नो लक्ष्यमा पुग्न सफल रह्यो; जसमा मुख्य रूपमा सन् १९८६ मे १ को संयुक्त राज्य अमेरिकाको मजदुर आन्दोलन (जुन ८ घन्टाको कामको दिन र ज्याला बढाउने उद्देश्य थियो, उक्त आन्दोलन आफ्नो माग पूरा गराउनसफल रह्यो । समष्टिमा यो अवधिमा मजदुरवर्गीय आन्दोलन, विद्रोह र क्रान्तिहरू उभार उत्साहर दिग्विजयका रूपमा अङ्कित हुन पुगेका छन् । तथापि ती मजदुर-किसानका राज्यसत्ता लामोसमयसम्म टिक्न सकेनन् । लाखौँ मजदुरको बलिदान (विद्रोहका दौरान तथा आफ्नो राज्यसत्ताकोरक्षाका लागि साम्राज्यवादी हस्तक्षेपका विरुद्ध प्रतिरोधको युद्धको सिलसिलामा) द्वारा रक्षा गरिएका किसान-मजदुरवर्गको राज्यसत्तामा मजदुरवर्गभित्र पैदा हुने सही र गलतका बीचको सङ्घर्षले पनिएउटा कीर्तिमान खडा गरेको छ। गलत कुरालाई सच्याउन र असल कुरा अर्थात् मजदुर-किसानकासमाजवादी दृष्टिकोण र राज्यसत्ताको रक्षार्थ सञ्चालन गरिएको महान् चिनियाँ सर्वहारा सांस्कृतिकक्रान्तिको भारी महत्व र भावी पिंढीका लागि निरन्तर क्रान्तिको सिद्धान्त एउटा महान् मार्गदर्शक सिद्धान्त बन्न पुगेको छ ।

### (३) महान् सर्वहारा सांस्कृतिक क्रान्ति (सन् १९७६) देखि हालसम्म

यो अवधिमा अन्तर्राष्ट्रिय मजदुर आन्दोलनद्वारा प्राप्त भएका समाजवादी सत्ताहरूमा प्रतिक्रान्तिमा बदलिएका छन् भने केही देशमा आफ्नै मौलिकतामा समाजवादी सत्ताहरू सञ्चालन भइरहेका छन् । विश्वव्यापी रूपमा मजदुरवर्गमाथि निगम पुँजीद्वारा भीषण रूपमा शोषण, अन्याय, अत्याचार थोपरिएको छ । त्यसका विरुद्ध विश्वव्यापी मजदुर आन्दोलन क्रमशः जुर्मुराउन थालेकोछ । तथापि विश्वव्यापी रूपमा उत्साह र उभारमा आउन सकिरहेको छैन । सुधारात्मक मजदुरआन्दोलनका दृष्टिले अमेरिकामा चलेको वालस्ट्रिट आन्दोलनलगायत केही आन्दोलन महत्वपूर्णरहेका छन् तर आमूल परिवर्तनकामी मजदुर आन्दोलन रक्षात्मक र सुषुप्त अवस्थामा रहेको छ । त्यसका पछाडि आजको बदलिएको विश्व राजनीतिक परिवेशमा मजदुरवर्गको सुस्पष्ट विचार, कार्यदिशा र कार्यविधिको अपर्याप्तता रहेको छ । आजको भूमण्डलीकृत विश्वमा मजदुरवर्गको मुक्तिपरम्परागत विचार, कार्यदिशा र कार्यविधिबाट हुन सक्तैन । यो विश्वव्यापी मजदुर आन्दोलनको निष्कर्ष हो । नेपाली मजदुर आन्दोलनको इतिहास करिब ७० वर्षको रहे पनि नेपालको राजनीतिक आन्दोलनमा मजदुरवर्गको सङ्घर्ष निर्णायक बनिरहेको अवस्था छैन । तथापि नेपालको हरेक राजनीतिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न पुगेको छ । यसो हुनुको पछाडि नेपालको अर्थतन्त्रमा किसानवर्गको बाहुल्यता रहिआएको आएको अवस्था जिम्मेवार रहेको छ । तर आज नेपालको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको पनि क्रमशः बढोत्तरी भइरहेको छ । हाल देशमा साना,मझौला र ठुला गरी हजारौँ उद्योग र लाखौँ मजदुर विभिन्न क्षेत्रमा क्रियाशील छन् । देशका विभिन्न उद्योग तथा यातायात, पर्यटन, होटेल आदि क्षेत्रमा क्रियाशील लाखौँ मजदुरको अवस्था निकैदयनीय छ ।

दलाल संसदीय व्यवस्थाका कारण उनीहरू एक्काइसौँ शताब्दीका आधुनिक दासका रूपमा रहन बाध्य छन् । आज उनीहरूलाई न्यून वेतन, करार, ज्यालादारी र ठेकदारी प्रथाद्वारा शोषणगरिएको छ । स्वतन्त्रतापूर्वक बोल्न, शान्तिपूर्ण आन्दोलन गर्नसमेत प्रतिबन्ध गरिएको छ। गएको भदौ १३ गते 'विशेष आर्थिक क्षेत्रसँग सम्बन्धित विधेयक २०७३' र असोज १४ गते 'औद्योगिक व्यवसाय ऐन २०७३' पारित गरेका छन् । उक्त दुईवटा विधेयक पारित गर्दै उनीहरूले आफ्नै लोकतान्त्रिक व्यवस्थाको खिल्ली उडाउन पुगेका छन् । उक्त दुई विधेयकको सार शान्तिपूर्ण आन्दोलनमाथि प्रतिबन्ध र 'नो वर्क नो पे', 'हायर एन्ड फायर'लाई कार्यान्वयनमा लैजानु हो । योस्थितिमा श्रमिक मजदुरवर्गका विरुद्धमा राज्यद्वारा लिइएका मजदुरविरोधी विधेयकहरूको खारेजी गर्न, समान कामको समान ज्याला, तोकिएको पारिश्रमिक लागू गर्न, विगतमा आंशिक रूपमा प्रदानगरिएका संविधानप्रदत्त अधिकारको पालना गर्न मजदुरमाथि भइरहेका सबैखाले उत्पीडनहरूको अन्त्य गरी राष्ट्र निर्माणका वाहक शक्ति मजदुरवर्गलाई अधिकार सम्पन्न तुल्याउन हाम्रो अगाडि सङ्घर्ष गर्नुको विकल्प छैन । प्रतिगामी, यथास्थितिवादी र अवसरवादी मजदुर सङ्गठनका विरुद्ध तिखो विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्नु क्रान्तिकारी मजदुर सङ्गठनको दोस्रो कार्यभार बन्न पुगेको छ । आम न्यायप्रेमी उत्पीडितवर्गसँग आफ्नो अधिकार प्राप्तिका लागि गरिने सङ्घर्षमा एकताबद्ध भई अगाडि बढ्नु सङ्गठनको तेस्रो कार्यभार रहेको छ । दलाल राज्यसत्ताका विरुद्धसङ्घर्ष गरी आफ्नो राज्यसत्ता स्थापना गर्न आमूल परिवर्तनकारी मजदुर सङ्गठनलाई चौतर्फी मोर्चामा क्रियाशील तुल्याउन निम्न कुराहरूलाई प्रस्थानविन्द बनाउनपर्दछ :

> *इतिहासका गहनतम् शिक्षाहरु अझ हाम्रै जीवनकालमा मजदुर आन्दोलनले जुनधोका व्यहोर्नुप-यो, त्यो हाम्रा लागि पर्याप्त शिक्षाको रुपमा रहेको छ । यस प्रकारको सौभाग्य दुनियाँका कमै मजदुर आन्दोलनले प्राप्त गरेको छ । यो स्थितिमा सङ्गठनको आन्तरिक जीवनमादेखा पर्ने आर्थिक अराजकतावादी-समन्वयनवादी प्रवृत्ति र फितलो सङ्गठनात्मक तरिकालाई हल गर्दै मजदुरवर्गको मुक्तिका लागि सङ्घर्षमा निरन्तर अघि बढ्नुको कुनै विकल्प छैन ।*

**पहिलो सङ्गठन :**

हाम्रो सङ्गठन राष्ट्रव्यापी रूपमा र केन्द्रदेखि स्थानीय तहसम्म सङ्गठनात्मक संरचनामा रहेको छ। यसको निर्माण गर्दा पुराना नेता तथा कार्यकर्ता, अन्य विभिन्न मोर्चामा रहेका नेता, तथा कार्यकर्तालाई समावेश गरेर र नयाँ नेता तथा कार्यकर्ता भर्ना गरेर (तीनमा एकको नीतिका आधारमा) निर्माण गर्नुपर्दछ। यसका साथै, अनुभव, ज्ञान र गतिको उचित संयोजन गर्नुपर्दछ। त्यसैगरी, लाल र निपूर्णको उचित तालमेल मिलाउनुपर्दछ । यी दुईको तालमेलबिना सङ्गठन एउटा या अर्को दिशाहीन भड्कावतर्फ जाने खतरा रहन्छ। त्यसैगरी, सङ्गठनको विस्तार गर्दा गुणबाट मात्रातर्फ, सरलबाट जटिलतर्फ, अंशबाट समग्रतर्फ, खुल्ला र गुप्त गरी अगाडि बढाउनुपर्दछ। सङ्गठन निर्माण गर्दा विज्ञान र कलाको उचित संयोजन गर्नुपर्दछ, ताकि सङ्गठनमा आम उत्पीडित मजदुर सहभागी हुन सकून् । त्यसको तात्पर्य यो होइन कि सङ्गठन व्यापक बनाउने कुरा गर्दा त्यसका अनुशासन छुटून् । बरु सवाल यो हो कि बृहत्तर सङ्गठन, फलामे अनुशासन र जनसम्बन्धको उचित तालमेल ।

**दोस्रो कार्यविधि :**

आजको आमूल परिवर्तनकामी मजदुर सङ्गठनले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको कार्यविधिलाई आफ्नो कार्यविधि बनाउनुपर्दछ । ती कार्यविधिहरू (क) तीन गर र तीन न गर (ख) हरेकले आफूले आफैँलाई निशाना बनाऊने (ग) एकता, सङ्घर्ष र रूपान्तरण । तीन गर र तीननगर अन्तर्गत मार्क्सवाद लागू गर, संशोधनवाद होइन । एकताबद्ध होऊ, नफुट। खुल्ला र स्पष्ट होऊ, छलछाम र षड्यन्त्र नगर । यसको प्रयोग यो अर्थमा छ कि आजको युगमा मजदुर वर्गीय आन्दोलनमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई सँगै लैजानुको तात्पर्य हाम्रो समाज दलाल संसदीय व्यवस्थाद्वारा गाँजिएको अवस्थामा छ । त्यसले मजदुरवर्गीय आन्दोलनमा प्रत्यक्ष प्रभावपरिरहेको हुन्छ । वर्तमान समाजले हामीलाई संशोधनवादतर्फ, फुटतर्फ र छलछाम र षड्यन्त्र गर्नेतर्फ अभिप्रेरित गरिरहेको हुन्छ । पुरानो सत्ता विभिन्न यथास्थितिवादी, प्रतिक्रियावादी तथा अवसरवादीको सङ्गठनात्मक प्रभाव र कार्यशैली एवम् मजदुर आन्दोलनमा देखा परेको सम्झौता, धोका र गद्दारीका कारण पर्ने प्रभावका कारण सङ्गठनको जीवनमा पर्ने नकारात्मक विचार, कार्यशैली र संस्कारकाविरुद्ध निरन्तर विजय हासिल गर्न पनि यो विधि अति आवश्यक बन्न गएको छ।

**हरेकले आफूले आफैँलाई निशाना बनाऊ :**

आमूल परिवर्तनको पक्षधर मजदुर सङ्गठनले वर्गसङ्घर्षमा श्रेष्ठता हासिल गर्नका लागि सर्वप्रथम आफैँमाथि विजय हासिल गर्न सक्नुपर्दछ। आफ्नो टाउकोमा आफैँ आगो लगाउने आँट गर्नुपर्दछ। हाम्रा सबै स्तरका नेता-कार्यकर्ताले योकुरालाई गम्भीरतापूर्वक आत्मसात् र प्रयोग गर्नुपर्दछ कि म एउटा सच्चा र आमूल परिवर्तनको पक्षपाती नेतृत्व हुँ र म मालेमावादी दर्शन-विचारको असल शिष्य हुँ। अरूलाई दोषी देख्ने आफूलाई सधैँ अब्बल ठान्ने कुरा मार्क्सवादी दर्शन र विचार विपरीत कुरा हो । त्यसैले हामी आफूलाई रूपान्तरणको केन्द्रमा राख्दै अरूलाई रूपान्तरण गर्नका लागि सहयोगी बनौँ । सबैभन्दा जटिल कामका लागि आफूलाई अगाडि बढाऔँ । यो नै आफैँविरुद्धको निशाना हो । जुन कुरा विचार,राजनीति सङ्गठन र कार्यशैलीसँग अविभाज्य रूपमा जोडिएको हुन्छ।

**एकता, सङ्घर्ष रूपान्तरण :**

आजको मजदुर आन्दोलन एकता-सङ्घर्ष-रूपान्तरण नभई एकता-सङ्घर्ष फुटमा व्यक्तभइरहेको छ । एउटा जीवन्त सङ्गठनमा एकतापछि सङ्घर्ष हुन्छ। त्यसप्रकारको सङ्घर्षमामैरै गोरुको बाह्रै टक्का गर्ने अर्थात् आफू सही र अरू गलत देखाउने सामन्ती शैलीका कारणसङ्गठनात्मक जीवनमा एकता हुने कुरामा स्खलन आउने गर्दछ। यसले हरेक तहका सङ्गठनमा गुट र फुटलाई प्रश्रय दिइरहेको हुन्छ । राजनीतिक विज्ञानको सफलता-विचारका अतिरिक्त सङ्गठनात्मक रूपमा सुदृढ एकतामा निर्भर हुने गर्दछ । त्यसले मजदुर आन्दोलनलाई निर्णायक विजयमा पुऱ्याउनका लागि निरन्तर शुद्धीकरण अभियान चलाउनुपर्दछ, जसले एकता-सङ्घर्ष-रूपान्तरणको प्रक्रियालाई संस्थागत गर्न मद्दत पुगोस् । यो प्रक्रियालाई जीवन्त बनाउन नसक्दा सङ्गठनको जीवनमा गत्यावरोध उत्पन्न हुन जान्छ।

**तेस्रो अनुशासन :**

आजको मजदुर आन्दोलनको सङ्गठन अनुशासित फौजका रूपमा व्यक्त हुनुपर्दछ । यसलेमुख्यतः तीन सङ्गठनलाई जीवन्त बनाउनुपर्दछ। ती हुन्, राजनीतिक, सङ्गठनात्मक र आर्थिक । राजनीतिक अनुशासन त्यसलाई भनिन्छ, जुन सङ्गठनका विचार कार्यदिशा, विधि-विधानलाई शीर्षासनमा राख्नु। सङ्गठनात्मक अनुशासन भनेको सङ्गठनात्मक सिद्धान्तलाई लागू गर्नु, सङ्गठनले तोकेको कार्यक्षेत्रमा खट्नु, नियमित बैठक तथा अन्य वैचारिक कार्यक्रममा सहभागी हुनु, अनुशासन, गोपनीयता र जनवादी केन्द्रीयतालाई पूर्णतः पालना गरेको होस् । आर्थिक अनुशासनको तात्पर्य आफ्नो समितिमा नियमित लेवी बुझाउने, पारदर्शी अर्थ-प्रणाली प्रयोग गर्ने, उत्पादनको काममा लाग्ने, श्रमलाई सम्मान गर्ने र आफ्नो सक्रिय सहभागिता देखाउने । यी तीन अनुशासनकोअभावमा कुनै पनि आमूल परिवर्तनकामी मजदुर सङ्गठनको सदस्य हुन सक्दैन । त्यसैले सम्पूर्णतहले उपर्युक्त तीन अनुशासनलाई आत्मसात् गर्नुपर्दछ।

**चौथो परिचालन :**

मुक्तियात्रामा संलग्न मजदुर सङ्गठनको परिचालन चेन अफ कमान्ड र चेनअफ युनिटीमा आधारित हुनुपर्दछ । केन्द्रदेखि स्थानीय तहसम्म एउटै सेट र सिक्वेन्समा परिचालन हुन सकेन भने सङ्गठनले अपेक्षित गति हासिल गर्न सक्दैन । देशव्यापी एउटै विचार र सङ्गठनात्मक सिद्धान्तका आधारमा 'लयमा लय, तालमा ताल' को विधिबाट सङ्गठन परिचालित हुनुपर्दछ। आफ्नो क्षेत्राधिकार भन्दा बाहिर परिचालन र परिचालित हुने कुरालाई कडाइपूर्वक नियमन गरिनुपर्दछ।

**पाँचौँ गतिशीलता :**

सङ्गठनको निर्माण गरिसकेपछि त्यसको समग्र परिचालनमा गतिशीलता एक अनिवार्यशर्त बन्न जान्छ । दलाल र संसदीय व्यवस्थाको उत्पीडन, स्थानीय तहमा क्रान्तिकारी सङ्गठननिर्माणको भागलाई यथासक्य हल गर्न गतिशील नेता-कार्यकर्ताको आवश्यकता पर्दछ। कार्यकर्तापङ्क्तिमा देखा परेको निराशा, धोकाको मनोविज्ञान थकाइलाई चिर्दै अगाडि बढ्नुपर्दछ। यद्यपियी मामिला अस्थायी र सापेक्षित हुन् । यसलाई सचेतन प्रयत्नद्वारा हल गर्न जोड लगाउनुपर्दछ । गतिशील नेता-कार्यकर्ताको ठूलो पङ्क्तिबिना क्रान्तिकारी मजदुर आन्दोलनले गति लिन सक्दैन। जागरुकता, तत्परता, लगनशीलता, आशावादिता आन्दोलनसँग अभिभाज्य रूपले जोडिएका हुन्छन् । हामीले त्यसलाई सङ्गठनात्मक जीवनमा जोड्नुपर्दछ । आज हामी नेपाली मजदुर आन्दोलनका दृष्टिले उज्ज्वल भविष्यका निर्माणका लागि अगाडि बढिरहेका छौँ । इतिहासका गहनतम् शिक्षाहरू अझ हाम्रै जीवनकालमा मजदुर आन्दोलनले जुनधोका व्यहोर्नुपऱ्यो, त्यो हाम्रा लागि पर्याप्त शिक्षाको रूपमा रहेको छ । यस प्रकारको सौभाग्य दुनियाँका कमै मजदुर आन्दोलनले प्राप्त गरेको छ । यो स्थितिमा सङ्गठनको आन्तरिक जीवनमादेखा पर्ने आर्थिक अराजकतावादी-समन्वयनवादी प्रवृत्ति र फितलो सङ्गठनात्मक तरिकालाई हल गर्दै मजदुरवर्गको मुक्तिका लागि सङ्घर्षमा निरन्तर अघि बढ्नुको कुनै विकल्प छैन ।

संस्मरण

# सम्झनामा खाराको लडाइँ

*उहाँलाई एमसिक्सटिन हतियार समातेर कम्ब्याट लगाउँदा असाध्यै सुहाउँथ्यो । आकर्षक शरीर उहाँबाट म धेरै प्रभावित थिएँ । उहाँ कम्पनी VC हुनुहुन्थ्यो र एउटा एसल्टको कमान्डर पनि) ले यो ठाउँमा अलि धेरै फायरिङ भइरहेको छ ख्याल गर्नुहोला भन्नुभयो । मैले जनमुक्ति सेनाको शैलीमा हुन्छ भनेँ । कमरेड प्रहार आफ्नो टिमलाई आदेश दिँदै म भएको ठाउँमा आउनुभएको थियो । खोइ तपाईंको कमान्डर ? भनेर सोध्नुभयो । मैले घाइते हुनुभएको जानकारी गराएँ । त्यसपछि उहाँले मलाई आऊ भतिज भन्दै केही पाइला अगाडि मात्र बढाउनुभएको थियो, एक्कासि भतिज कभर गर्नु भन्नुभयो । टुइन्च मोटरको सेल हामीभन्दा केही तल खस्यो र पड्कियो । केही साथीहरु घाइते भए । ल ल साथीहरु घाइते भएका छन्, छिटो लैजानू भनेको आवाज हामीले सुनिरहेका थियौँ । अन्य साथीहरुले फायरिङलाई जारी राखेका थिए ।*

लोकेन्द्र विश्वकर्मा 'सुजन'

हामी जनमुक्ति सेना पश्चिमतिरको चुरे पहाडमा परेड खेल्दै थियौँ । कहिले तराईका समथर फाँट त कहिले अग्ला पहाडसँग लुकामारी खेल्दै सेती र कर्णालीको छालजसरी निरन्तर मुक्तिको सुन्दर सपना बोकेर क्रान्तिको यात्रामा थियौँ । जनताको सेना जनताको बस्तीमा जनतासँगै काम गर्दै जनताको सुखदुःखमा हातेमालो गर्दै जनताको एक मात्र प्रिय जनमुक्ति सेना बन्न सफल भएको थियो । कैलालीको चुरे पहाडबाट अगाडि बढ्दै जाँदा कर्णाली नदी तर्नुपर्ने थियो । केही दिनको यात्रापछि हामी कर्णाली नदीमा आइपुग्यौँ । हाम्रो कार्यक्षेत्र सेती (भेरी-कर्णाली) महाकाली थियो । कर्णाली नदी तर्नका लागि पुल थिएन । हाम्रो टिम ठूलो (पूरा पश्चिम कमान्ड) थियो । जनताको सहायता लिएर घन्टौँ समय लगाएर डुङ्गाबाट कर्णाली नदी पार गर्‍यौँ र हामी सुर्खेतको पश्चिम भूगोलमा प्रवेश गर्‍यौँ । त्यो ठाउँ हाम्रो पार्टीको आधारइलाका भएकाले व्यवस्थापनमा हामीलाई खासै समस्या भएन । स्थानीय पार्टी कमिटीका कमरेडहरूले जनमुक्ति सेना जहाँ गए पनि राम्रो व्यवस्थापन गर्नुहुन्थ्यो । जनमुक्ति सेनाको उपस्थितिले स्थानीय पार्टी कमिटीका कमरेडहरूमा र जनताहरूमा थप उत्साह पैदा भएको भाव उहाँहरूको व्यवहार र हार्दिकतामा झल्कन्थ्यो । हामी तीन दिनसम्म हिँडेर सुर्खेतको गुटु भन्ने ठाउँमा पुग्यौँ । गुटु पनि हाम्रो पार्टीको आधारइलाका थियो । गुटुमा जनमुक्ति सेना र पार्टीको कार्यालय पनि थियो । हामी गुटुमा दुई दिनजति बसेर हाम्रो टिमलाई आवश्यक पर्ने केही खाद्यान्न र लत्ताकपडा पनि किन्यौँ । हामीलाई त्यतिबेलासम्म पनि हामी कता जाँदैछौँ भन्ने केही थाहा थिएन । कमान्डरको निर्देशनबमोजिम अगाडि मात्र बढिरहेका थियौँ तर पनि हामीलाई नेतृत्वप्रति विश्वास थियो र पछिका सम्भावित सबै अवस्थाहरूका लागि हामी तयार थियौँ । हेडक्वार्टरबाट आदेश आयो अगाडि बढ्नका लागि, केही छिन रोलकल गरेर हाम्रो यात्रा पूर्वतिर अगाडि बढ्यो । हामी संवेदनशील इलाकातिर जाँदैछौँ, टिम अलि चलाख र सतर्कताका साथ हिँड्ने कमान्डरको आदेशबमोजिम आफूलाई ढाल्दै हाम्रो यात्रा सुर्खेतको महाभारतका डाँडा हुँदै अगाडि बढ्यो ।

कुनै ठाउँमा जङ्गल त कुनै ठाउँमा ठूला घरहरू महाभारतको डाँडाबाट तल तराईका समथर फाँटहरू हेर्दा रमणीय देखिन्थ्यो । म पश्चिम डिभिजनअन्तर्गतको बहुवीर योद्धा आठौँ ब्रिगेडको ३१ नम्बर बटालियनमा कार्यरत थिएँ जसमा डिभिजन कमिसार कमरेड दिवाकर र कमान्डर कमरेड प्रभाकर हुनुहुन्थ्यो । बम, बारुदलगायतका युद्ध सामग्री अरू बेलाभन्दा धेरै थियो । टिमको व्यापक केन्द्रीकरण गरिएको थियो । उच्च सतर्कता र गोपनीयता कायम गरिएको थियो । हामी कता जाँदैछौँ ? केका लागि जाँदैछौँ ? केही भनिएको थिएन तर ठूलै केही हुँदैछ भन्ने अनुमानचाहिँ थियो । त्यसमा सहभागी बन्ने अवसर हामीलाई मिलेको छ भनेर हामी उत्साहित थियौँ । हामी जस्तोसुकै सङ्कटको सामना गर्न मानसिक रूपमा तयार थियौँ । कुनै शङ्का थिएन । डर थिएन मात्र विजयको सपना थियो ।

हजारौँको ठूलो फर्मेसनमा हिँड्दा अत्यन्तै रमाइलो लागिरहेको थियो । अगाडि मृत्यु छ थाहा थियो तर स्वीकार्न हामी प्रतिबद्ध थियौँ । सबैमा कमरेड्ली आत्मीयता रहेकाले सानो खानेकुराको टुक्रा पनि बाँडेर खान्थ्यौँ । हामी जनमुक्ति सेना र जनताको बीचमा पानी र माछाको सम्बन्ध बनेको थियो । हामी जनताको बीचमा बाँचेका थियौँ । जनतालाई शोषक, सामन्त, फटाहाबाट जनमुक्ति सेनाले सुरक्षा दिएको थियो । हामी सुर्खेत जाजरकोटको केही भागलाई छुँदै केही दिनपछि सुर्खेतको चिङ्गाड भन्ने पूर्वी भागमा पुग्यौँ । हाम्रो टिम ठूलो भएकाले जनदिशा लागू गरेर व्यवस्थापन गर्न गाह्रो हुन्थ्यो त्यसैले आफूलाई चाहिने खाद्यान्न, भाँडाकुँडा हाम्रो टिमले नै बोकेको थियो र हामी आफैँ मेस चलाउँथ्यौँ । केही दिनपछि हामी भेरी नदी पुग्यौँ । नदी तर्न डुङ्गा अथवा पुलको व्यवस्था थिएन । नदी तर्नका लागि कम्मरमा चिण्डा (लौकाको एक प्रकारको जात) बाँधेर पौडनुपर्ने भयो । हाम्रो टिम ठूलो भएकाले कम्मरमा चिन्डा बाँधेर नदी तर्दा पूरा एक दिन नै लागेको थियो । मलाई त्यो बेला पौडी खेल्न आउँदैनथ्यो । कम्मरमा चिन्डा बाँधेर नदी तर्न खोज्दा नदीले बगाएर करिब दुई सय मिटर तल पुर्‍यायो । म अब बाँच्दिनँझैँ लागेको थियो तर कसोकसो एकजना कमरेडले मलाई पक्रनुभयो र बाहिर निकाल्नुभयो । मलाई मर्न त डर थिएन तर युद्धमैदानमा लड्दालड्दै सहिद बन्न चाहन्थे । नदीमा बगेर सहिदको सम्मान मेरो मनलाई स्वीकार्य थिएन । केही दिनसम्म त सपनामा पनि बगेकै मात्र देखेँ । हाम्रा केही कमरेडहरू त्यहीँबाट बगेर अत्तोपत्तो नभएको भनेर कमरेडहरू सुनाउँदै हुनुहुन्थ्यो । नदीले मलाई बगाएको भए लडाइँमा तातो गोली खाएर सहिद बन्ने अवसर गुमाउने थिएँ भन्ने मनमनै चिन्ता लागेको थियो ।

हामी सल्यान जिल्ला प्रवेश गर्‍यौँ । जिल्लाको पार्टी कमिटीले हाम्रो टिम आउने खबर पाएर हाम्रो व्यवस्थापनको राम्रो पूर्वतयारी गरेको रहेछ । मेस पनि स्थानीय पार्टी कमिटीले नै चलाए । केही दिन हिँडेर सल्यान जिल्लाको भूगोल छिचोल्यौँ । एउटा गाउँमा त पार्टी र जनताले हाम्रो टिमलाई प्याकिङ गरेको सुकुटी मासु दिएको थियो । एकजना सेनालाई दुईतीन पोका भागमा पर्दथ्यो । खान नपाएको बेला मात्र खानुहोला भन्ने कमान्डरहरूको निर्देशन थियो । तर हामी केही साथीहरूले कमान्डरले थाहा नपाउने गरी एक पोकाजति खायौँ । सल्यान जिल्लाको भूगोल छिचोलेर हामी रुकुम जिल्लामा प्रवेश गर्‍यौँ । हुरी, बतास, हावापानी, खोलानाला, पहाड, दुस्मनको अवरोध केहीले पनि हाम्रो यात्रा रोक्ने सम्भावना थिएन ।

विजयपछिको मुक्तिको चाहनाले हामी भोको बाघजस्तै भएका थियौँ । यात्रा कठिन थियो तर हाम्रा लागि रोमाञ्चक थियो । सङ्घर्षमा हाँस्न, सङ्घर्षमा बाँच्न हामीले सिकेका थियौँ । कहिलेकहीँ त अचानक लडाइँ हुँदा बोकेको सातु छुट्थ्यो, मेस चलाउने अवस्था हुन्थेन । कयौँ दिनरात भोकै हिँड्नुपर्थ्यो तर हामीलाई भोक र कठिनाइले कहिल्यै विचलित गराउन सकेन, अझ प्रतिबद्ध र शक्तिशाली हुन प्रेरित गर्‍यो । विचलन कठिनाइले होइन, सुख र सुविधाले गर्ने रहेछ ।

जङ्गलको यात्रा, असाध्यै जुका लाग्थ्यो । यात्राक्रममा पानी पर्थ्यो । प्लास्टिक त बोकेका हुन्थ्यौँ तर पर्याप्त हुने थिएन । हामी आफू भिज्थ्यौँ तर हतियार भिज्नबाट बचाउँथ्यौँ । हतियार प्राणभन्दा प्यारो थियो । हुन पनि त हतियार रगतसँग साटिएको थियो । एउटा हतियार पाउन धेरै कमरेडहरूले बलिदान गर्नुपरेको थियो ।

लगातार केही दिन हिँडेपछि हामीलाई एक ठाउँमा बस्नका लागि निर्देशन आयो । हामी केही दिन त्यहीँ बस्नुपर्ने भयो । बस्नका लागि आर्कको बाँडफाँट गरियो । हामी सबै आआफ्नो काममा लाग्यौँ । कोही मेसमा खाना बनाउन, कोही सेन्ट्री पोस्ट निर्माण गर्न, कोही सुत्ने व्यवस्था मिलाउन यस्तैयस्तै काममा लाग्यौँ । एक स्तरका कमान्डरहरू मिटिङका लागि अलि अगाडि जाने जानकारी भएको थियो । हामी बसेको ठाउँ रुकुमको खारानजिकैको भूगोल रहेछ जहाँबाट तीनचार घन्टा हिँडेपछि खारा पुगिने रहेछ । तीनचार दिन त्यहीँ बसेपछि कमान्डरहरू आउनुभयो र त्यहाँबाट हिँड्ने तयारी गर्न निर्देशन गर्नुभयो । त्यो दिन २०६१ चैत २५ गतेको दिन थियो । एक घन्टाजति हिँडेपछि एउटा जङ्गलको बीचमा राम्रो चौर भेटियो । उक्त चौरमा रोलकलका निम्ति आदेश भयो । हामी पङ्क्तिबद्ध भयौँ । डिभिजन कमान्डर प्रभाकरबाट खारा आक्रमण गर्ने, आक्रमणको प्रत्यक्ष नेतृत्व सर्वोच्च कमान्डर कमरेड प्रचण्डले गर्नुहुने जानकारी गराउनुभयो । युद्ध भन्नेबित्तिकै मृत्यु अगाडि थियो तर हामी आक्रमणका लागि उत्साहित थियौँ । अझ सर्वोच्च कमान्डर कमरेड प्रचण्डको प्रत्यक्ष नेतृत्व हुने कुराले उक्त आक्रमण कति महत्त्वको थियो भन्ने कुरा दर्शाउँथ्यो । त्यसैले हामी अत्यन्तै उत्साहित थियौँ । कमरेड प्रभाकरले युद्धमोर्चाका बारेमा ब्रिफिङ गर्नुभयो र सबैलाई आआफ्नो जिम्मेवारी दुस्मनप्रति घृणाभावसहित पूरा गर्न निर्देशन दिनुभयो । युद्ध सुरु हुन तीनचार घन्टा मात्र बाँकी थियो । सबै टिमलाई एसल्ट टिम, माइनिङ टिम, काँडेतार काट्ने टिम, दोस्रो, तेस्रो एसल्ट टिम, घाइते र सहिद व्यवस्थापन टिम गरी टिमहरूको कार्यविभाजन भएको थियो । म पहिलो एसल्ट टिममा परेँ जुन टिमको कम्पनी कमान्डर कमरेड सचेत, कमिसार कमरेड उषाकिरण, भीसी कमरेड कोपिला हुनुहुन्थ्यो । कमरेड प्रभाकरले त्यहाँको भौगोलिक अवस्थाका बारेमा पनि ब्रिफिङ गर्नुभयो । हामीले पहिला नै ठाउँको अवलोकन गरिसकेका थियौँ । त्यो लडाइँ हामीले जसरी पनि जित्नु थियो । युद्ध नजित्दासम्म मोर्चाबन्दी लड्नुपर्ने कमरेड प्रभाकरको आदेश थियो । हामी मानसिक रूपमा तयार थियौँ । भिरालो ठाउँ भएकाले कभर लिने ठाउँ नभएको र चामलको बोरामा माटो भरेर कभर बनाउनुपर्ने पहिल्यै निर्देशन थियो । रोलकल सकिएपछि हामीलाई अगाडि बढ्ने आदेश भयो । हामी एउटा उत्साहसहित अघि बढ्यौँ । दिमागमा कमान्डरको आदेश दोहोरिइरहेको थियो । सर्वोच्च कमान्डरको उपस्थितिले हामीलाई थप ऊर्जा मिलेको थियो । हामी अघि बढ्दै थियौँ । ब्यारेकभन्दा बाहिर आएको शाही सेनासँग कमरेड पासाङको टिमको अचानक फाइट सुरु भयो । झन्डै एकडेढ किलोमिटरबाहिर नै लडाइँ सुरु भएको थियो । कमान्डर पासाङको टिमले लडाइँ गर्दै शाही नेपाली सेनालाई ब्यारेकसम्म पुर्‍यायो । यता हाम्रो टिम पनि ब्यारेकनजिक पुगिसकेको थियो ।

हाम्रो टिम ब्यारेकनजिक पुगेपछि हामीले आफ्नो आर्कलाई कभर गर्‍यौँ । फायर सुरु भयो जतिबेला बेलुकाको ६-७ बजिसकेको हुँदो हो । हाम्रो जनमुक्ति सेनाले चौतर्फी घेरा हालिसकेको थियो । चारैतिरबाट एक साथ आक्रमण गर्‍यौँ । हामी निरन्तर लडिरहेका थियौँ । कसैले काँडेतार काट्दै, कसैले बोराहरूमा माटो भरेर एसल्टलाई कभरका लागि दिँदै थिएँ । हाम्रो एसल्टले कभरमा फायरिङ गरिरहेको थियो, उता शाही सेनाले पनि एटिवान, टु इन्च मोटार, एमसिक्सटिन, इन्सास, जीपीएमजी, एलएमजी, एसएलआरलगायत हतियारबाट फायरिङ गरिरहेका थिए । हाम्रो टिम बिस्तारै अगाडि बढ्यो । हामीलाई नजित्दासम्म मोर्चाबन्दी लडाइँ लड्ने भनिएअनुसार कभर नभएको ठाउँमा बङ्कर खन्दै, बोरामा माटो भरेर कभर बनाउँदै निरन्तर आक्रमण गरिरह्यौँ । गोली चलिरहेको थियो । बमबारुद पड्किरहेको थियो । हाम्रो एसल्टका केही साथीहरू सहिद भए त केही साथी घाइते भए । जति हाम्रा साथीहरू सहिद हुन्थे, घाइते हुन्थे त्यति हाम्रो आक्रोश बढ्थ्यो र अझ आक्रमणलाई तीव्र बनाउँथ्यौँ । हाम्रो डिभिजनले लामो मोर्चाबन्दी युद्ध जारी राखिरहेको थियो । कमरेड पासाङ कमान्डर रहेको डिभिजनको चाहिँ एक रात मात्र लडाइँ लड्ने भन्ने रहेछ र सोहीबमोजिम जनमुक्ति सेनालाई निर्देशन गरिएको रहेछ । धेरै साथीहरू सहिद भइसकेका थिए, थुप्रै साथीहरू घाइते भएका थिए । वर्गवैरीप्रतिको घृणा बढेर गएको थियो । मुखहरू पानी नपाएर सुकिरहेका थिए । हाम्रो एसल्टका हामी थोरै मात्र बाँकी रहेका थियौँ । रातको १२-१ बजेतिर दोस्रो एसल्ट आइपुगेको थियो । दोस्रो एसल्टले पनि आफ्नो आर्क कभर गर्‍यो । मोर्चाबद्ध लडाइँ भनिएका कारण बमबारुदलाई जोगाएर लड्नुपरेको थियो । तर शाही नेपाली सेनलो भने धेरै गोली खर्च गरिसकेका थिए । कमरेड पासाङ नेतृत्वको ग्रुपको धेरै क्षति भइसकेको ओकेटोके सेटबाट सुनिरहेका थियौँ । केही पोएटहरू कब्जा गरिएको खबर पनि सुन्यौँ । युद्ध भीषण रूपमा भइरहेको थियो । सर्वोच्च कमान्डर नै उपस्थित भएको युद्ध जसरी पनि जित्नु थियो ।

*उता बङ्करबाट केही समयदेखि फायरिङ भएको थिएन । कमरेड प्रहार छिर्नासाथ एक्कासि फायरिङ सुरु भयो । हामीले भित्र छिर्ने प्रयास गर्‍यौँ । हामीमध्ये तीनजना घाइते भयौँ । कमरेड प्रहार भित्र छिर्नासाथ गोली लागेर घाइते हुनुभएको थियो । उहाँलाई बाहिर ल्याउनका लागि हामी भित्र जान खोज्दा उताबाट एकोहोरो फायरिङ भइरहेको थियो । कमरेड प्रहार चिच्याइरहनुभएको थियो । उताबाट केही छिन फायरिङ रोकेजस्तो भयो । त्यसपछि हामी चारजना भित्र छिर्न लाग्दा कमरेड प्रहारलाई पक्रेर उहाँलाई नै कभर बनाएर भित्र बङ्करमा लगिरहेको थियो । साथीहरूले गोली हान्न भन्नुभयो । गोली चलाउँदा अङ्कल (प्रहार) र शाही सेना दुवै मारिन्थे तर मैले अङ्कलमाथि गोली चलाउन सकिनँ । बङ्करभित्र लगिसकेपछिको उहाँको चित्कार आजसम्म पनि उस्तै ताजा बनेर कानमा गुन्जिरहन्छ ।*

मोर्चाबन्दी लडाइँ दुईतीन दिनसम्मको हुनसक्ने र उक्त समयसम्म दिउँसो हेलिकोप्टर कुनै पनि हालतमा बस्न नदिने कमान्डर प्रभाकरको आदेश थियो । कमान्डरको आदेशबमोजिम दुस्मनको पानीको आपूर्ति बन्द गरिदियौँ । दिउँसो सामान्य फायरिङ मात्र गर्‍यौँ र रातमा भीषण आक्रमण गर्‍यौँ । जसरी पनि जित्नुपर्ने मानसिकताले एउटै एसल्टले लामो समयसम्म लडिरहन्थ्यौँ । तार काट्ने ग्रुप, माइनिङ टिम सबैले आआफ्नो काम रफ्तारमा गरिरहेका थिए । हामीलाई जसरी पनि शाही सेनाको ब्यारेकमा छिर्नु थियो । रातको त्यस्तै १-२ बजेको थियो होला एकजना कमरेड प्रहार (उहाँको घर पनि बझाङ भएको र म उमेरले सानो भएकाले म उहाँलाई अङ्कल भन्थे । मलाई असाध्यै माया गर्ने, बोलाउँदा भतिज भनेर बोलाउनुहुन्थ्यो । उहाँ मार्सल आर्ट खेलाडी पनि हुनुहुन्थ्यो । उहाँलाई एमसिक्सटिन हतियार समातेर कम्ब्याट लगाउँदा असाध्यै सुहाउँथ्यो । आकर्षक शरीर उहाँबाट म धेरै प्रभावित थिएँ । उहाँ कम्पनी VC हुनुहुन्थ्यो र एउटा एसल्टको कमान्डर पनि) ले यो ठाउँमा अलि धेरै फायरिङ भइरहेको छ ख्याल गर्नुहोला भन्नुभयो । मैले जनमुक्ति सेनाको शैलीमा हुन्छ भनेँ । कमरेड प्रहार आफ्नो टिमलाई आदेश दिँदै म भएको ठाउँमा आउनुभएको थियो । खोइ तपाईंको कमान्डर ? भनेर सोध्नुभयो । मैले घाइते हुनुभएको जानकारी गराएँ । त्यसपछि उहाँले मलाई आऊ भतिज भन्दै केही पाइला अगाडि मात्र बढाउनुभएको थियो, एक्कासि भतिज कभर गर्नु भन्नुभयो । टुइन्च मोटरको सेल हामीभन्दा केही तल खस्यो र पड्कियो । केही साथीहरू घाइते भए । ल ल साथीहरू घाइते भएका छन्, छिटो लैजानू भनेको आवाज हामीले सुनिरहेका थियौँ । अन्य साथीहरूले फायरिङलाई जारी राखेका थिए । शाही सेनाले काँडेतारनजिकको बङ्करबाट फायरिङ गरिरहेको थियो । हामी त्यो बङ्करनजिकै थियौँ । तार काट्ने ग्रुपले मात्र तार काट्न बाँकी थियो । बल्लतल्ल तार काट्ने ग्रुपले तार काटेपछि हाम्रो एसल्टलाई भित्र जाने बाटो बन्यो । भित्र छिर्न र बङ्करमा भएको शाही सेनालाई समात्न हामी पाँचसातजना तयार भएका थियौँ तर पहिला कमरेड प्रहार आफैँ जान लाग्नुभयो । उहाँसँग कमान्डो हतियार पनि थयो । एसएमजी

... बाँकी पृष्ठ ७ मा

गीत/कविता

## मलाई भन्यो



ओमप्रकाश पुन 'सौरभ'

मलाई ऊः त्यो माथि लेकको चरीले भन्यो
यो साल तिमी काफल खान किन आएनौ ?
ऊः त्यो पारि गाउँकी आमैले भनिन्
बाबु, तिमी यो साल न्वागी खान किन
आएनौ ?
ऊः त्यो तल नदीले भन्यो
यो साल तिमी जँघार तर्न किन आएनौ ?
ऊः त्यो पारि हिमालले भन्यो
यसपालि तिमी हिउँ खेल्न किन आएनौ ?
ब्रह्मनालमा रहेकी मेरी आमाले भनिन्
छोरा, तिमी मेरो अन्तिम मुख हेर्न किन
आएनौ ?

अनि मैले जबाफमा भनेँ–
यो साल काफल नै पाकेनन् चरी
अनि म कसरी काफल खान आऊँ ?
यसपालि बाली नै पाकेन आमै
अनि म कसरी न्वागी खान आऊँ ?
यो साल वर्षा नै भएन नदी
अनि म कसरी जँघार तर्न आऊँ ?
यसपालि हिउँ नै परेन हिमाल
अनि म कसरी हिउँ खेल्न आऊँ ?
मलाई अहिले पिँजडामा थुनिएको छ आमा
अनि कसरी तिम्रो मुख हेर्न आऊँ ?

मलाई सहरिया प्रेमिकाले भनिन्
तिमी यसपटक मलाई भेट्नै आएनौ !
मशानघाटको मुर्दाले भन्यो
तिमी मलाई आगो दिनै आएनौ !
सहरको सडकले भन्यो
तिमी यसपटक मलाई टेक्नै आएनौ !
रातो झन्डाले भन्यो
तिमी मलाई यसपटक बोक्नै आएनौ !
सहयोद्धा साथीले भन्यो
तिमी मसँग हात मिलाउनै आएनौ !
अनि मैले जबाफमा भनेँ–
तिमीले अरूसँगै पिरती गाँसिछेऊ प्रिया
अनि म कसरी तिमीलाई भेट्न आऊँ ?
तिमीलाई त कोरोना लागेको थियो रे मुर्दा
अनि म कसरी तिमीलाई आगो दिन आऊँ ?
मलाई प्रतिबन्ध लगाइएको छ सडक
अनि म कसरी तिमीलाई टेक्न आऊँ ?
मलाई जेलमा हालिएको छ झन्डा
अनि म कसरी तिमीलाई बोक्न आऊँ ?
मेरो हातमा हतकडी हालिएको छ साथी
अनि म कसरी तिमीसँग हात मिलाउन आऊँ ?
तर चिन्ता नगर
म अब छिट्टै आउनेछु
किनकि अब
मौसम बदलिएको छ
समय फेरिएको छ
सन्दर्भ बदलिएको छ
परिवेश फेरिएको छ
बिजुलीले नयाँ सङ्केत गरेको छ
हुरी फेरि चलेको छ
गाउँ फेरि रातो हुँदैछ
सहर र सडक फेरि तातो हुँदैछ
जुलुसले फेरि अवश्य मेरो खोजी गरेको
छ !!

## सम्झनामा ....

लिएर तपाईं पनि आउनू भन्दै भित्र छिर्नुभयो । हामी पाँचजना पनि भित्र जानका लागि तयार पोजिसनमा बसेका थियौं । उता बङ्करबाट केही समयदेखि फायरिङ भएको थिएन । कमरेड प्रहार छिर्नासाथ एक्कासि फायरिङ सुरु भयो । हामीले भित्र छिर्ने प्रयास गर्‍यौं । हामीमध्ये तीनजना घाइते भयौं । कमरेड प्रहार भित्र छिर्नासाथ गोली लागेर घाइते हुनुभएको थियो । उहाँलाई बाहिर ल्याउनका लागि हामी भित्र जान खोज्दा उताबाट एकोहोरो फायरिङ भइरहेको थियो । कमरेड प्रहार चिच्याइरहनुभएको थियो । उताबाट केही छिन फायरिङ रोकेजस्तो भयो । त्यसपछि हामी चारजना भित्र छिर्न लाग्दा कमरेड प्रहारलाई पक्रेर उहाँलाई नै कभर बनाएर भित्र बङ्करमा लगिरहेको थियो । साथीहरूले गोली हान्न भन्नुभयो । गोली चलाउँदा अङ्कल (प्रहार) र शाही सेना दुवै मारिन्थे तर मैले अङ्कलमाथि गोली चलाउन सकिनँ । बङ्करभित्र लगिसकेपछिको उहाँको चित्कार आजसम्म पनि उस्तै ताजा बनेर कानमा गुन्जिरहन्छ । त्यसपछि लाग्यो गोली हानेको भए उहाँको मृत्यु कम पीडादायी हुने थियो । म हतासिएँ । कमरेड प्रहार मेरो प्रेरणाका स्रोत हुनुहुन्थ्यो । मैले उहाँबाट धेरै सिकेको थिएँ । केही छिनपछि पीडा आक्रोशमा बदलियो । आक्रमणको गति बढायौं र त्यो बङ्कर क्षणभरमै हामीले कब्जा गर्‍यौं । बङ्कर कब्जा गर्दा कमरेड प्रहार जीवितै हुनुहुन्छ कि भन्ने झिनो आशा मनमा थियो तर उहाँको जिउँदो वा मृत शरीरसमेत भेटिएन । मलाई पहिलोपटक एम १६ हतियार चलाउन उहाँले नै सिकाउनुभएको थियो । कमरेड प्रहार मेरो मानसपटलमा कहिल्यै नमिटिने सम्झना बनेर बसिरहनुभएको छ ।

बिहानको यस्तै पाँच बजेको हुनुपर्छ राम्रोसँग उज्यालो हुन पाएको थिएन । एक्कासि हाम्रो अर्कातिर रातभरि नभएको दुस्मनको फायरिङ अत्यधिक बढ्न थाल्यो । हामी अचम्मित भयौं । रातभरि नभएको यो स्तरको फायरिङ कसरी भइरहेको छ ? पछि थाहा भयो कमरेड पासाङको डिभिजन रिट्रिट भइसकेको रहेछ । तर हामीलाई त मोर्चाबन्दी लामो लडाइँ लड्नुपर्ने भनिएको थियो । दुस्मनको फायरिङ हाम्रो अर्कातिर अत्यधिक भइरहेको थियो । यत्तिकैमा एक्कासि म घाइते भएँ । मान्छे राम्रोसँग देखिने गरी उज्यालो भइसकेको थियो । म घाइते भएको देख्नासाथ मलाई दुईजनाले समातेर एउटा घरको आँगनमा लगेर उपचार गरे । मसँगैका दुईजना साथी सहिद हुनुभएछ । मलगायत चारजना घाइते भएका रहेछौं । हामी घाइते भएका साथीहरूलाई सातआठ बजेतिर नजिकैका घरहरूबाट हिँडाइएको थियो भने अरू केही एसल्टका साथीहरू छिटफुट फायरिङ गरिरहेका नै थिए । आकाशमा हेलिकोप्टर उडिरहेको थियो । हेलिकोप्टरबाट हाम्रो टिमतिर भीषण फायरिङ गरिरहेको थियो । धुवाँको मुस्लो उडिरहेको थियो । जमिन मरुभूमिजस्तै भएको थियो । हेलिकोप्टर नजिक आउँदा हाम्रा साथीहरूले जपीएमजी र एलएमजीले फायरिङ गरिरहेका थिए । त्यो हेलिकोप्टरको पछाडि भागमा फायरिङ लागेर धुवाँ निकाल्दै मुसिकोटतिर लागेको थियो भने अन्य हेलिकोप्टरहरू आकाशमा घुमिरहेका थिए । हेर्दाहेर्दै एउटा हेलिकोप्टर बसाल्न सफल भएको थियो । अर्को हेलिकोप्टर आकाशबाट लगातार फायरिङ गरिरहेको नै थियो । अन्ततः हाम्रो डिभिजन पनि रिट्रिट भयो ।

सँगै परेड खेलेका, अघिल्लो रात सँगै एउटै थालमा खाना खाएका साथीहरू गुमाएका थियौं । उहाँहरू सहिद हुनुभएको थियो । युद्धको मोर्चामा घरपरिवारको भन्दा सहयोद्धाहरूको माया बढी लाग्ने रहेछ । सँगै खाएका, कयौं रात सँगै सुतेका, बिरामी हुँदा एकअर्काको सहारा बनेका प्रिय सहयोद्धाहरूको मृत शरीर लडाइँको मैदानमा छोडेर आउनुपर्दा गोलीले छियाछिया बनाएका घाउहरूभन्दा ज्यादै पीडादायी महसुस भएको थियो । साथीहरूको ठाउँमा किन म सहिद भइनँ भन्ने लाग्थ्यो । दुईवटा डिभिजनका कमान्डरहरूको योजनाको तालमेल नमिल्दा हामीले जितिसकेको युद्ध हारेका थियौं । एकातिर सहयोद्धा गमाउनुको पीडा, अर्कोतिर युद्धमोर्चा हार्नुको पीडाले मनमा एकतमासले कोलाहल मच्चाइरहेको थियो । सबै लडाइँमा जितिन्छ नै भन्ने हुँदैन, हार पनि हुनसक्छ तर कमान्डरहरूको तालमेल नमिलेका कारण युद्ध हार्नुपर्दा असाध्यै पीडा भइरहेको थियो । क्रान्ति अधुरै थियो आफैँलाई समाल्दै हाम्रो यात्रा अगाडि बढ्यो । केही साता लगातार हिँडेर हामी पुनः आफ्नो कार्यक्षेत्र फर्कियौं । मनमा असङ्ख्य पीडा दबाएर मुस्कुराउनुपर्ने बाध्यता थियो । लडाइँ हारेका कारण सबैको मनोबल खस्केको थियो । खस्केको मनोबललाई उच्च बनाउन प्रशिक्षण, स्कुलिङजस्ता कार्यक्रमको योजना बन्यो । स्कुलिङ र प्रशिक्षणका लागि हप्तौंसम्म एकै ठाउँमा बस्न मिल्ने आधारइलाकाको जरुरी पर्‍यो । सुर्खेतको चुरेतिरको ठाउँ छनोट गरियो । एकै ठाउँमा धेरै दिन बस्दा हाम्रो ब्रिगेडले आराम पनि पायो । नयाँ तरिकाले अगाडि बढ्ने डिपोटीको योजना बनेको रहेछ ।

एक दिन हामी रेडियो सुनिरहेका थियौं । समाचारमा धादिङको कृष्णभीरमा माओवादी र शाही सेनाबीच भिडन्त, दुवैतर्फ हताहत भएको खबर आयो । दुवैतर्फ हताहत भएको भनिएकाले हाम्रो जनमुक्ति सेनाले जितेको हुनसक्ने हामीले अनुमान लगायौं । एक दिनपछि ब्रिगेड कार्यालयबाट हाम्रो जनमुक्ति सेनाको एम्बुसमा परी शाही सेना हताहत भएको र एक ट्रक आधुनिक हतियारसहित हतियार कब्जा गरिएको खबर प्राप्त भयो । हाम्रो खुसीको सीमा थिएन । खाराको लडाइँमा हारेर खस्केको मनोबल एकाएक उच्च भएको थियो । हामी असाध्यै उत्साहित भएका थियौं । मन उत्साहित बनेको थियो । प्रफुल्लित हुँदै म सोच्न थालें । खारा लडाइँका दृश्यहरू मानसपटलमा दौडिन थाले । म आफैँभित्र खारा लडाइँको समीक्षा गर्न थाले ।

हामीले केही बङ्करहरू कब्जा गरिसकेका थियौं तार काटेर भित्र छिरिसकेका थियौं, दुस्मन हायलकायल भइसकेका थिए । खास दुईवटा डिभिजन कमान्डरहरू (प्रभाकर र पासाङ) को बुझाइ एउटै भइदिए उचित तालमेल मिलेको भए लडाइँको दोस्रो दिन पनि मानवीय क्षतिलाई कम गर्दै गोली बम, बारुद खेर नफालेर मोर्चाबद्ध लडाइँ लड्दै हेलिकोप्टर बस्न नदिएर बङ्कर खन्दै बोरामा माटो भरेर कभर लिँदै चौतर्फी हमला गरिरहेको भए सायद दोस्रो दिनको राति नै हामीले खारा कब्जा गर्ने थियौं ।

शान्तिप्रक्रियामा आइसकेपछि पश्चिम डिभिजन कमान्डर प्रभाकर र मध्य डिभिजन कमान्डर पासाङको बीचमा अन्तरविरोध भएको र युद्ध लड्ने फरकफरक रणनीति ब्रिफिङ गरिएको थियो । कमरेड प्रचण्डले दुवैलाई मिलाएर लड्नुपर्छ भनेर ढुलमुले प्रतिक्रिया दिएको, ठोस निर्देशन नदिएकोलगायत कारणले युद्धमा कमान्डरहरूको तालमेल नमिलेर क्षति बेहोर्नुपरेको विषय नेताहरूकै मुखबाट सुनेका थियौं ।

निष्कर्षमा रुकुमको खाराको लडाइँमा तीनवटा डिभिजनमध्ये दुईवटा डिभिजनको केन्द्रीकरण भएको थियो । व्यापक तयारी गरिएको थियो । निश्चय पनि हारियो तर त्यो हार जनमुक्ति सेनाको अक्षमताका कारण वा शाही सेनाको सक्षमताका कारण भएको थिएन । जीवन उत्सर्ग गर्न तयार भएर जनमुक्ति सेनाले सम्पूर्ण सामर्थ्य प्रयोग गरेको थियो तर दुईवटा डिभिजन कमान्डरहरूको अन्तरविरोध र सर्वोच्च कमान्डर प्रचण्डको द्वैध चरित्रका कारण जित्दै गर्दाको लडाइँ हारिएको थियो ।

*(यो संस्मरण हामीले लेखकको प्रकाशोन्मुख 'सङ्घर्षभित्रको जीवन' पुस्तकबाट उद्धरण गरेका हौँ– सम्पादक ।)*

## उचाइ लिँदै ....

भनाइहरू उद्धरण गरेर पूजा गर्ने गरिएका पुष्पकमल दाहाल चुनबाङबाट आएको त्यही लोकतान्त्रिक गणतन्त्रको नारा समातेर आज संसद्वादमा पतन भएर गए भने नेकपाका महासचिव विप्लवका भाषामा बाबुराम भट्टराई आफ्नो कक्षबाट उछिट्टिएको ग्रहजस्तो एक्लन पुगेका छन् । माओवादी जनयुद्धलाई धोका दिएर हँसिया-हथौडाको झन्डालाई च्यातेर फ्यालेका कारण जनयुद्धले हाइहाइ बनाएका बाबुरामको आकार आज मधेसवादी दलहरूसँग पुगेर मरिचको गेडाजस्तै चाउरी परेको छ । यसको ज्वलन्त उदाहरण केही महिनापहिले बाबुराम, पुष्पकमल दाहाल, केपी वलीसहितका पूर्वप्रधानमन्त्रीहरू उपस्थित भएको व्यवस्थापिकाको बैठकमा उनकै पार्टीका नेता राजेन्द्र महतोले गरेको कटाक्ष हो । उक्त बैठकमा महतोले पूर्वप्रधानमन्त्रीहरू बोल्दा रातो बत्ती नबाल्ने, हामीले बोल्दा रातो बत्ती बालिने ? हाम्रो पार्टीले प्रधानमन्त्री नदिएकाले हामीलाई विभेद गरेको हो भनेर बाबुरामको अपमान गरेका थिए ।

उता महान् जनयुद्धमा कुम्मा कुम जुधाएर यही राज्यसत्ताका विरुद्ध लडेका कमरेडहरूलाई गम्भीर धोका दिएर टाउकाको मूल्य ५० लाख रुपैयाँ तोकेकाहरूसँग चोचोमोचो मिलाउँदा आज पुष्पकमल दाहालको अवस्था निकै खराब बन्न पुगेको छ । दाहाल आज यस्तो कठिन अवस्थामा प्रवेश गरेका छन्, साखै मानिएका आफूनिकटका मानिसहरू पनि उनको सत्तोसराप गर्दै हिँडेका छन् । हिजो हजारौंहजार जनमुक्ति सेना र जनसत्तासहितको शक्तिशाली पार्टीका अध्यक्ष बनेका दाहालले आज कति निरीह बन्नुपरेको छ भने एमाले-एमाओवादी केन्द्रको 'एकता' पछि २ नम्बर अध्यक्ष त छँदै थिए, अहिले फेरि उनले दाहाल-माधव समूहमा पुग्दा पनि माधव नेपाललाई नै प्रथम अध्यक्ष मान्नुपर्ने अवस्था आइलागेको छ ।

जनयुद्धमा नेपाली जनतालाई देखाइएका सपनाहरूमा तुसारापात भएपछि क्रान्तिले स्थापित गरेका मूल्य-मान्यताहरू धराशयी भएपछि जनयुद्धका उपलब्धिहरू मेटिँदै त गए नै, नेपाली जनतामा घोर निराशा र वितृष्णा पैदा भएको अवस्थालाई उल्ट्याएर नेकपाले क्रान्तिको उद्घोष गरेसँगै अर्को आशा पलाएको छ ।

पछिल्लो समय खासगरी सरकारी नेकपाभित्रको विवादको कारण तर मुख्य गरी वैदेशिक शक्तिकेन्द्रहरूको चलखेलका कारण गरिएको संसद् विघटनपछि देश निकै ठूलो राजनीतिक सङ्कटमा फसेको छ । प्रत्यक्ष वा परोक्ष रूपमा विभिन्न विदेशी शक्तिकेन्द्रहरूको चलखेल कतिसम्म खतरनाक बन्दै गएको छ भने आजको युवा पुस्ता यो देश सिरिया वा इराक बन्न सक्छ भनेर चिन्ता व्यक्त गरिरहेको छ । यो विषम परिस्थितिमा क्रान्तिकारी शक्ति, देशभक्त, राष्ट्रवादी र खासगरी यो देशलाई माया गर्नेहरू एकपटक नयाँ चिन्तन र साहसका साथ क्रान्तिमा होमिनुपर्ने बेला आएको छ ।

केपी वलीले संसद् विघटन गरेपछि उत्पन्न परिस्थितिमा संसद्को पुनर्स्थापना जे नारा लगाए पनि यी सबै विकल्पहरू दलाल पुँजीवादी सत्तामा पुन तँछाड-मछाड गर्ने खेलबाहेक अरू केही पनि हुनसक्ने देखिँदैन । केपी वलीहरूले आफ्नो नेतृत्वमा हुने मध्यावधि चुनाव नै राजनीतिक सङ्कट समाधानको उत्तम विकल्प भएको बताए पनि र प्रचण्ड-माधवहरूले संसद्को पुनर्स्थापना र आफ्नो नेतृत्वमा सरकार गठन बताए पनि यो दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाभित्र हुने तुच्छ स्वार्थसमूहहरूको सङ्घर्षको परिणाम हो । पुँजीवादी देशहरूमा समेत समाजवादको नारा लाग्न थालेको बेला नेपालको दलाल पुँजीवादी संसदीय व्यवस्था असफल भैसकेको र वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य बन्दै गएको अवस्था हो ।

नेकपाले अघि बढाएको क्रान्तिका माध्यमबाट वैज्ञानिक समाजवादको बहस चलिरहेको, व्यवस्था परिवर्तनको बहस पनि चलिरहेको र चार पार्टी क्रान्तिकारी शक्तिबीच दीर्घकालीन संयुक्त मोर्चा निर्माणसहित वैकल्पिक सत्ताकेन्द्रित सङ्घर्ष सञ्चालन गर्ने तयारी भइरहेको समयमा एकपटक विभिन्न ठाउँमा छरिएर रहेका क्रान्तिकारीहरूले नयाँ उत्साह र साहसका साथ अग्रगामी परिवर्तनको दिशामा अघि बढ्नु अनिवार्य आवश्यकता भैसकेको छ । नेकपाका महासचिव विप्लवले भनेका छन्, 'तमामखाले समस्याको समाधान वैज्ञानिक समाजवाद नै हो भन्ने सत्य भइसकेपछि विगतमा हामीबाट जताजता त्रुटि, गल्ती, कमजोरी भए पनि तिनलाई सच्याउनुपर्छ । जहाँबाट बाटो बिराइएको थियो, त्यही बिन्दुमा नयाँ सोचका साथ फर्किन आँट गर्नुपर्छ । देशलाई नेतृत्व दिनका लागि आत्मसमीक्षासहित नयाँ ध्रुवीकरणमा सहभागी बन्नुपर्छ । कमजोरी सच्याएर जनताका पक्षमा उभिँदा कमजोर भइँदैन, तल पर्दिँदैन, बरु बलियो र सफल भइन्छ । यसो गर्न हिच्किचायौं भने निर्णय लिन ढिला हुनेछ । ढिला पटक्कै नगरौं ।'

## राष्ट्रिय सङ्कट ....

बनाउन सकेमा देश अग्रगामी निकासतर्फ अगाडि बढ्नसक्ने भन्दै वर्तमान सत्ता तथा व्यवस्थामा पैदा भएको सङ्कटको वास्तविक निकासका लागि देशभक्त, जनवादी तथा वामपन्थी शक्ति, समूह तथा व्यक्तित्वहरूका बीच बलियो संयुक्त मोर्चा तथा कार्यगत एकता गरी सङ्घर्षलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्ने निष्कर्ष क्रान्तिकारी माओवादीको बैठकले निकालेको छ ।

## विद्यार्थीमाथि ....

विकले जनाएका छन् ।

संयोजक विकले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यही पुस २६ गते मध्यपश्चिम विश्वविद्यालयमा आन्दोलनरत विद्यार्थीहरूमाथि विश्वविद्यालय र प्रहरी प्रशासनको मिलोमतोमा गरिएको निर्मम दमन र धरपकडप्रति हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ । आफ्ना जायज मागहरू विश्वविद्यालयसमक्ष राख्न पाउने विद्यार्थीहरूको अधिकारमाथि धावा बोलिनु अत्यन्तै खेदजनक छ ।'

विज्ञप्तिमा भनिएको छ, 'सामान्यतः विश्वविद्यालयहरूलाई खोज, अध्ययन, अनुसन्धानसहितको बौद्धिक एवम् प्राज्ञिक थलोका रूपमा बुझिन्छ तर नेपालका विश्वविद्यालयहरू सत्तासीन शक्तिको निहित स्वार्थको चङ्गुलमा छन् जसले गर्दा विश्वविद्यालयको गरिमा र महत्वमाथि नै प्रश्न उठ्ने गरेको छ । मध्यपश्चिम विश्वविद्यालय पनि यसैको सिकार भएको तथ्य स्पष्ट नै छ । भ्रष्टाचारको अखडाका रूपमा रहेको यस विश्वविद्यालयलाई भ्रष्टाचारमुक्त बनाई असल शैक्षिक थलोका रूपमा स्थापित गर्न जरुरी भएको बेला अध्ययनरत विद्यार्थीहरू, सम्बद्ध सरोकारवाला सबै पक्षहरूसँग सहकार्य गर्न छोडेर फासिस्ट र क्रूर शैलीमा विश्वविद्यालय प्रशासन आफैं उत्रिएको छ । प्रहरी प्रशासनको दुरुपयोग गरी आन्दोलनरत विद्यार्थीमाथि दमन गरिएको उक्त घटनाको हाम्रो सङ्गठन घोर निन्दा एवम् भर्त्सना व्यक्त गर्दछ । साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न सम्बन्धित पक्षसँग जोडदार माग गर्दछौं । आन्दोलनरत विद्यार्थीहरूका मागहरूको तुरुन्तै समाधान गर्न हामी सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं ।'

# जनगणतान्त्रिक सम्पर्क मञ्चका उपाध्यक्ष अधिकारी गिरफ्तार

काठमाडौँ

नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय उपाध्यक्ष सुरेश अधिकारीलाई प्रहरीले गिरफ्तार गरेको छ ।

अधिकारीलाई बिहीबार काठमाडौँको कलङ्कीबाट गिरफ्तार गरी बेपत्ता बनाएको भन्दै जनगणतान्त्रिक सम्पर्क मञ्चको केन्द्रीय समितिले बिनासर्त रिहाइको माग गरेको छ ।

यसअघि काठमाडौँको बसपार्कबाट गिरफ्तार गरिएका मञ्चकै महासचिव पूर्ण श्रेष्ठ कोरोना सङ्क्रमित भएको र उनलाई काठमाडौँ कीर्तिपुरमा राखिएको भन्दै मञ्चले उनको स्वास्थ्यलाभको कामनासहित रिहाइको माग गरेको छ ।

## रातो खबरको ....

प्रकाशन, सूचना तथा प्रचार-प्रसार विभागले श्रेष्ठलाई स्वागत र विरहीलाई बिदाइ गरेको छ ।

विभागले प्रतिकूल राजनीतिक अवस्थामा पनि लामो समयसम्म रातो खबरमा निर्देशकको जिम्मेवारीमा रहेर विरहीले ठूलो र अविस्मरणीय योगदान दिएको पनि जनाएको छ ।

## अखिल क्रान्तिकारीका ....

गरे पनि आजादले धरौटी रकम तिर्न नसकेपछि कारागार चलान गरिएको बताइएको छ । आजादका तर्फबाट दायर रिटमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखरेल र अधिवक्ता सन्तोष कोइरालाले बहस गरेका थिए ।

## आणविक हतियारमा ....

नीतिमा कुनै परिवर्तन नहुने बताए ।

हजारौं पार्टी सदस्य रहेको कोरियाली वर्कर्स पार्टीको आठौं काङ्ग्रेसमा नै नेता किम जोङ उनले पानीमुनि चल्ने परमाणु जहाज निर्माण गर्ने आफ्नो योजना पूरा भएको बताए । उक्त भाषणमा नेता किम जोङ उनले आफ्नो देशसँग भएका हतियार हरूको सूची सार्वजनिक गर्दै आफ्ना शत्रुहरूले कोरियाविरुद्ध आणविक हतियार प्रयोग नगरेसम्म आफ्नो देशले पनि आफूसँग भएका हतियार प्रयोग नगर्ने बताएका थिए । कडा आर्थिक नाकाबन्दीको सामना गरिरहेको कोरियाले आधुनिक हातहतियारका क्षेत्रमा महत्वपूर्ण विकास गर्दै आएको छ ।

## नेकपाद्वारा देशभर ....

नेकपाका केन्द्रीय सदस्य एवम् प्रकाशन विभाग इन्चार्ज प्रज्वलन र नेकपाका पूर्वकेन्द्रीय सदस्य एवम् दलित मुक्ति मोर्चाका अध्यक्ष डम्बरबहादुर विश्वकर्माले विद्यमान राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति, दलाल पुँजीवाद र क्रान्तिकारीहरूको अवस्था तथा क्रान्तिपछि स्थापित हुने वैज्ञानिक समाजवादी व्यवस्थाका बारेमा प्रशिक्षण दिएका थिए ।

यसैगरी नेकपाले लुम्बिनी र राप्ती ब्युरोमा पनि राजनीतिक-वैचारिक प्रशिक्षण सम्पन्न गरेको जनाएको छ । लुम्बिनी र राप्ती ब्युरोमा आयोजित प्रशिक्षणमा पार्टीका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' ले नेपालमा दलाल पुँजीवाद पतनको दिशामा र वैज्ञानिक समाजवाद विजयको दिशामा अग्रसर भइरहेको बताएका थिए । अन्य ब्युरोहरूमा पनि प्रशिक्षण जारी रहेको समाचारमा जनाइएको छ ।

## "अफ्रिकन स्वाइन फिभर" रोग बारे जानकारी

अफ्रिकन स्वाइन फिभर बंगुर, सुंगुर र बँदेलहरूमा भाइरसबाट लाग्ने महामारी रोग हो । यो रोग हालसम्म नेपालमा देखा परेको छैन । भारतको आसाम प्रदेश र चीनमा समेत यो रोग देखिइसकेको हुँदा नेपाल उच्च जोखिममा रहेको छ ।

**मुख्य लक्षणहरू:**

- झोक्राउने र दानापानी खान छोड्ने
- एकै ठाउँमा थुप्रिएर बस्ने
- कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने
- शरीरमा नीलडामहरु देखिने
- नाकबाट फिंज निकाल्ने
- दिसामा रगत देखिने

त्यस्तै उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइट भन्दा माथि), सास फेर्न गाह्रो हुने र एकैपटकमा धेरै संख्यामा (१०० प्रतिशतसम्म) बंगुर, सुंगुर र बँदेलहरू मर्न सक्छन् । तर माथिका जस्तै लक्षणहरू बङ्गुरको हैजा लगायतका अन्य रोगहरूमा पनि देखिने हुँदा प्रयोगशाला परीक्षण नगरी रोग यकिन गर्न सकिदैन । त्यसकारण बंगुर, सुंगुर र बदेल मरेमा वा मरेको थाहा भएमा नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाईन चेक पोष्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा यथाशीघ्र खबर गर्नुहोस् ।

**रोग सर्ने मुख्य तरिकाहरु**

- संक्रमित बंगुर, सुंगुर र बँदेल बीच प्रत्यक्ष सम्पर्कबाट
- रोगी पशुको र्‍याल, रगत, मलमुत्र, मासु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत
- रोगी बंगुर, सुंगुर र बदेलको ओसार पसार र किनबेच मार्फत
- संक्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत

**रोकथाम**

हालसम्म यो रोग विरुद्ध औषधि तथा खोप समेत बनेको छैन । त्यसकारण जैविक सुरक्षाका उपायहरू अपनाई रोकथाम गर्नु एक मात्र उत्तम विकल्प हो । यस रोगको रोकथामका लागि निम्न उपायहरु अपनाऔं ।

- बंगुर, सुंगुर र बँदेलको खोरमा मानिसहरुको अनावश्यक आवत जावत नगरौं ।
- होटल, रेष्टुरेन्टबाट फालिएका खानेकुरा बंगुर, सुंगुर र बँदेललाई राम्रोसँग पकाएर मात्र खुवाऔं ।
- बंगुर, सुंगुर र बँदेल थुनेर मात्र पालौं ।
- घरपालुवा बंगुर र सुंगुरलाई जंगली बदेलसँग सम्पर्क हुन नदिऔं ।
- रोगी बंगुर, सुंगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा भाइरस लामो समयसम्म बाँच्ने भएकोले मरेका बंगुर, सुंगुर र बँदेललाई गहिरो खाडल खनी गाडौं ।
- अन्य बथानबाट ल्याइएका बंगुर, सुंगुर र बँदेललाई २१ दिन पछिमात्र आफ्नो बथानमा मिसाऔं ।

*थप जानकारीको लागि पशु सेवा विभाग हरिहरभवनको सम्पर्क नम्बर महामारी रोग नियन्त्रण तथा व्यवस्थापन शाखाको सम्पर्क नम्बर टोल फ्रि नम्बरमा सम्पर्क गरौं ।*

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
पशु विभाग
हरिहर भवन, ललितपुर

गीत



## आकाशमा हुरुरु

ओमप्रकाश पुन

१. आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

पूर्व मेची पश्चिम काली सबैतिर जाली
जनताले पार्नुपर्छ अब यिनलाई खाली
चटके र पटकेलाई दिनु हुन्न ताली
गर्छन् यिनले जनतामा जाली भाषण
खालि ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

२. जनताको आन्दोलनले राणा गए, पञ्च
फेरि पनि फटाहाले कब्जा गरे मञ्च
जाक्दैछन् फेरि पनि उही पुरानो मञ्च
फाल्नुपर्छ जरैबाट यो दलाली तन्त्र ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

३. बोलाउँदैछन् दलालले विदेशीलाई
देशमा
आउँदैछन् दुष्टहरू साधु-सन्त भेषमा
विदेशीको मानो खाई शासन गर्छन् देशमा
राष्ट्रवादी छानो हाल्छन् दौरा-सुरुवाल
भेषमा ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेन न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

४. युवाहरू बिदेसिए खाली भए गाउँ
बूढाबूढी भन्न थाले हामी कता जाऊँ ?
जाऊ साथी जनतामा मायाप्रीति लाऊ
लालकिल्ला बनाउन फेरि त्यही ठाउँ ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

५. धोका दिए गद्दारले क्रान्तिमा हेर
जनताको बलिदान फालिदिए खेर
मिल्न गए आफूखुसी वर्गवैरीतिर
अहिले आफैँ टाउको ठोकी रोइराछन् हेर
आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेन न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

६. जनताले खास्सखुस्स गर्न थाले अरे
एकीकृत जनक्रान्ति चल्न थाल्यो अरे
दलाल सत्ता हेर अब ढल्न थाल्यो अरे
वैज्ञानिक समाजवाद आउन थाल्यो अरे ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

७. उर्लिएर आयो हेर क्रान्तिको भेल
कोही परे जेल-नेल कोही परे भेल
वर्गवैरी गर्दैछन् फेरि जाल-झेल
हेर्दै जाऊ कस्तो हुन्छ क्रान्तिको खेल ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

८. उठौँ अब सबै आदिबासी, जनजाति
महिला, दलित, उत्पीडित सबै जातजाति
सबैभन्दा ठूलो हुन्छ वर्गीय साथी
वर्गभन्दा कहिल्यै ठूलो हुन्न जीवनसाथी ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेन न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

९. कलाकार, पत्रकार, बुद्धिजीवी सबै
एकाकार हुनुपर्छ क्रान्तिमा सबै
मजदुर, किसान, श्रमजीवी उठे अब सबै
क्रान्तिकारी शक्तिहरू जुटे अब सबै ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

१०. आऊ साथी गाऊँ हामी जनताका गीत
सङ्घर्षको मैदानमा भयो हाम्रो भेट
हुने भयो हेर अब क्रान्तिको जित
बाँचे फेरि मैदानमा होला हाम्रो भेट ।

आकाशमा हुरुरु मालचरीको हूल
क्रान्तिमा ए साथी नगर्नू है भूल
आइसक्यो हेर न लालसेनाको हूल
फुटिसक्यो ए साथी क्रान्तिको मूल ।

रचना मिति : २०७७ पुस २० गते
सोमबार कैलाली, कारागार

गीत

## एकीकृत जनक्रान्तिमा लागिपर्ने हो

– नयन

एमसीसीलाई कोसेली भनेर
अमरिकालाई हुल्दैछ सरकार
बुझ गाउँले हो, बुझ गाउँले हो
यो देशको पहिचान मेटी जाने भो ।

भारतले गऱ्या'छ अत्याचार
दलाल शासक उसैको मतियार
देख्यौ गाउँले हो, सुन्यौ गाउँले हो
लिपुलेक, कालापानी कब्जा गरेको ।

दलालहरू यो देशका क्यान्सर
मातृभूमि पाऱ्या' छन् चिरफार
सुन गाउँले हो, हेर गाउँले हो
यो देश बचाउन कम्मर कसौँ हो ।

भ्रष्टाचारी, देशद्रोही जन्माउने स्थल
सिंहदरबार, यस्तै छ हेर न
उठ गाउँले हो, उठौँ गाउँले हो
यो दलाल व्यवस्था फाल्नैपर्ने भो ।

वीर पुर्खाले बचा'को प्यारो देश
जोगाउनु छ देशभक्त मिली देश
जुटौँ गाउँले हो, उठौँ गाउँले हो
वैज्ञानिक समाजवाद ल्याउनैपर्ने भो ।

राष्ट्रघातको विरासत भत्काउन
स्वाधीनताको संसार बनाउन
आऊ युवा हो, उठ युवा हो
एकीकृत जनक्रान्तिमा लागिपर्ने हो ।
मकवानपुर ।

# छात्रामाथि अनैतिक कार्य गर्ने शिक्षकलाई कारबाही गर्न क्रान्तिकारीको माग

**काठमाडौं ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) कास्कीले प्रेस विज्ञप्ति जारी गर्दै मिति २०७७ साल कास्कीको पोखरा महानगरपालिका टुँडिखेलमा रहेको राष्ट्रिय माविमा भएको अङ्ग्रेजी शिक्षातर्फको शैक्षणिक विधि विषयको आंशिक परीक्षामा छात्रालाई विभिन्न प्रलोभनमा पारी शिक्षा नियमावालीविपरीत परीक्षा केन्द्रबाट बाइकमा राखेर होटेलमा लगी परीक्षा दिन लगाउने र मदिरा पिएर अनैतिक क्रियाकलाप गर्ने शिक्षकलाई अविलम्ब कारबाही गर्न माग गरेको छ ।




मिति : २०७७/०९/२६
प्रेस विज्ञप्ति

अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष पवन पुनले जारी गरेको विज्ञप्तिमा उक्त घटनाका दोषी शिक्षक शिशिरकुमार बास्तोकोटी, उक्त अनैतिक कार्य गर्न प्रोत्साहन दिने परीक्षा केन्द्र अध्यक्ष सूर्य तिवारी र परीक्षा केन्द्रका सहअध्यक्ष घनश्याम रेग्मीलाई हदैसम्मको कारबाही गर्न पनि जोडदार माग गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, '२०७७ साल मङ्सिर ११ गते कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १ टुँडिखेलमा रहेको राष्ट्रिय माविमा भएको अङ्ग्रेजी, शिक्षातर्फको शैक्षणिक विधि विषयको आंशिक परीक्षामा छात्रा विद्यार्थीलाई विभिन्न प्रलोभन पारी शिक्षानिवालीविपरीत काम हुने गरी विद्यार्थीलाई परीक्षाकेन्द्रबाट बाइकमा राखेर पोखरा महानगरपालिका वडा नं. ३२ मा पर्ने खोलाछेउको होटेलमा लगी परीक्षा दिन लगाएको, शिक्षकले मदिरा सेवन गरी अनैतिक क्रियाकलाप गरेको पुष्टि हुन आएको र दोषी शिक्षकले विभिन्न मिडियामा गल्ती सहर्ष स्वीकारेको अवस्थामा राज्य मूकदर्शक भएर शिक्षाजस्तो क्षेत्रमा यतिसम्मको चरम लापरबाही हुँदा पनि सम्बन्धित निकाय मौन रहेको हुँदा हाम्रो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'त्यसकारण शिक्षा नियमावलीविपरीत काम गर्ने, विद्यार्थीमाथि अनैतिक कार्य गर्ने दोषी शिक्षक शिशिरकुमार बस्ताकोटी र उक्त अनैतिक कार्य गर्न प्रोत्साहन दिने परीक्षाकेन्द्रका अध्यक्ष सूर्य तिवारी, परीक्षा केन्द्रका सहअध्यक्ष घनश्याम रेग्मीलाई हदैसम्मको कारबाही गर्न अखिल क्रान्तिकारी सम्बन्धित निकायलाई जोडदार माग गर्दछ । साथै उक्त कार्यको ढाकछोप गरी आलटाल गर्न खोजिएमा आपराधिक मानसिकता बोकेका शैक्षिक माफियाहरूलाई अखिल क्रान्तिकारी यसै विज्ञप्तिमार्फत कडाभन्दा कडा कारबाही गर्ने चेतावनी दिन चाहन्छ ।'


## मन्थली नगरपालिका कार्यालयको अनुरोध

- सेवा सुविधा लिनु नागरिकको अधिकार हो भने कर शुल्क तिर्नु नागरिकको कर्तव्य हो ।
- सार्वजनिक सम्पति, सार्वजनिक तथा सांस्कृतीक सम्पदाको संरक्षण गरौँ ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता,सम्बन्ध विच्छेद एवम बसाई सराई जस्ता बक्तिगत घटना समयमै दर्ता गरौँ ।
- छोरछोरी दुवैलाई विधालय पढ्न पठाऔँ ।
- प्रत्येक घरघरमा शौचालय बानाई राष्ट्रिय अभियानमा सहयोग पुऱ्याऔँ ।
- सार्वजनिक स्थल, नदी, खोलानालाहरूलाई फोहोर तथा ढल बिसर्जन स्थल नबनाऔँ ।
- विभिन्न स्थानबाट निस्किएका फोहोर मैला तोकिएको स्थानमा राखौँ र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौँ ।
- वातावरण स्वच्छ रहेमा जीवन स्वच्छ हुने हुदा वातावरण सधै स्वच्छ र सफा राखौँ ।
- निषेधित छेत्रबाट ढुंगा गिट्टी तथा बालुवा ननिकलौं ।
- वन जंगलको समरक्षण गरौँ, खाली जग्गाम बिरुवा लगाऔँ ।
- समयमै कर शुल्क भुक्तान गरौँ, विकास निर्माणमा सहभागी बनौँ ।
- नगरपालिकामार्फत संचालन हुने सबै कार्यक्रमहरू नगरबासीका हुन् । तसर्थ आयोजना तर्जुमादेखि अनुगमन, मुल्यांकन एवम मर्मत सम्भारका सबै चरणमा सक्रिय सहभागी बनौँ ।

**मन्थली नगरपालिका परिवार**
**रामेछाप, बागमती प्रदेश**



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम
**नेपाल आयल निगम लिमिटेड,**
**केन्द्रीय कार्यालय, बबरमहल**
**फोन : ४२६२९७०, ४२६३४८५**


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं